साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepalltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक १३ २०८० कार्तिक १४, मंगलबार (Oct. 31, 2023) मूल्य रू. १०/-

## फेरि राष्ट्रसंघलाई नै गुहार्‍यो सरकारले

काठमाडौं । पहिले गुहार्दा शान्ति प्रक्रिया नै गिजोलेर गए राष्ट्रसंघका प्रतिनिधि इयान मार्टिनले । पछि नेपालीकै बलबुतामा शान्तिप्रकृया अघि बढ्यो, सेना समायोजना पनि भयो । समस्या यत्ति छ कि शान्ति प्रकृया अन्तिम टुङ्गोमा पुर्‍याउन राजनीतिक सहमति बन्न सकेको छैन । फौजदारी अभियोगीलाई दण्ड दिने कि माफी ? पीडकलाई माफी, पीडितलाई पीडा दिने सोचका कारण यो समस्या गिजोलिएको हो । पीडित न्यायको पर्खाइमा छन् ।



राष्ट्रसंघ गुहार्ने होइन, राजनीतिक दल र नेताहरू पीडितलाई न्याय र पीडकलाई सजाय दिन इच्छुक भए कसैलाई गुहार्नै पर्दैन थियो ।

## गणतन्त्र नेपालमा कतारका राजा



कतारका राजा शेख तमिम बिन हमद अल थानी नेपाल भ्रमणमा आउने खुलासा प्रम प्रचण्डले गरेका छन् । आफ्नो नेतृत्वको सरकार भएकाले ठूला अन्तर्राष्ट्रिय भ्रमण भइरहेको बताउने क्रममा राष्ट्रसंघका महासचिव गुटरेस पछि कतारका राजा नेपाल भ्रमणमा आउने प्रम प्रचण्डले बताएका हुन् ।

नेपालको कुटनीतिक सफलता हो यो भन्दै प्रम प्रचण्डले कांग्रेसको चियापान समारोहबाटै खुलासा गर्दा कांग्रेस सभापतिको मुहार हेर्न लायकको देखिएको थियो ।

त्यसअवसरमा प्रम प्रचण्डले भनेका थिए- 'यो पटक एलडीसीको चेयरम्यानको हैसियतले मैले संयुक्त राष्ट्रसंघको महासभामा, एसडीजी (दिगो विकास लक्ष्य) समिट र एलडीसी (अति कम विकसित मुलुक) समिटहरूमा मैले गम्भीर ढंगले नै कुराहरू उठाएको थिएँ । मलाई लाग्छ हाम्रो कुटनीतिक सफलताको परिणामस्वरूप महासचिव आउँदै हुनुहुन्छ, यसले नेपालको प्रतिष्ठामा र नेपाली जनताको आवश्यकता सम्बोधन गर्ने कुरामा महत्वपूर्ण भूमिका खेल्नेछ ।' कतारका राजा नेपाल आउनुको कारण भने प्रम प्रचण्डले खुलाएनन् । कतार नेपाली युवालाई रोजगारी दिने मुलुक पनि हो ।

कतारको अदालतले ८ जना भारतीयलाई फाँसीको सजाय सुनाएको छ । यही खबरको आसपासमा कतारका राजा आगामी आइतवार राति नेपाल आइपुग्नेछन् । कतारका राजाको भ्रमणलाई कूटनीतिक सफलताका साथ हेण्डिल गर्नसके नेपालले रोजगारीको थप अवसर पाउने, नेपालमा लगानी बढ्ने, नेपालीले कतारमा भोग्नुपरेका समस्यामा सहजता आउने सुझाव बिज्ञहरूले दिएका छन् ।

## भारतीय सैनिकलाई कतारमा फाँसी



काठमाडौं । कतारको अदालतले भारतका जल सेनाका ८ अधिकारीलाई फाँसीको सजाय सुनाएको छ । मोदी सरकारले यसबाट स्तब्ध भएको भन्दै उनीहरूलाई जोगाउन सबै कानुनी विकल्पहरू खोजिने भनेको छ ।

समाचारअनुसार फाँसीको सजायँ सुनाइएका आठ भारतीय नागरिकहरू भारतको जल सेनाका अवकाशप्राप्त अधिकारीहरू हुन् । उनीहरू कतारमा जासुसी गरेको आरोपमा सेप्टेम्बर २०२२ मा पक्राउ परेका थिए । उनीहरूमाथि संवेदनशील सूचना इजरायललाई बेचेको आरोपमा फाँसीको सजाय सुनाइएको हो । भारतको विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै भनेको छ, 'हामीसँग शुरूआती जानकारी छ कि कतारको अदालतले अल दाहरा कम्पनीका आठ भारतीय कर्मचारीसँग सम्बन्धित घटनामा आफ्नो फैसला सुनाएको छ । हामी फाँसी दिने फैसलाबाट स्तब्ध छौं र विस्तृत फैसला कुरिरहेका छौं । हामी उनीहरूका परिवारका सदस्यहरू र कानूनी टिमसँग सम्पर्कमा छौँ। हामीले यो घटनालाई सर्वोच्च प्राथमिकताका साथ हेरिरहेका छौं र यो कुरालाई कतारको प्रशासनसमक्ष राख्नेछौं ।'

चुनावको मुखमा आएर कतारमा भारतीय सैनिक नै जासुसीमा पक्राउ पर्नु र कतारको सूचना युद्धमा होमिएको इजरायललाई बेचेको आरोप कतारी अदालतमा सिद्ध हुनुले भारतका प्रम नरेन्द्र मोदीलाई चुनावी परिणाममा असर गर्ने पक्का छ ।

## २३ लाख बुढाबुढीको सहारा को ?




बाउआमाले आफ्नो गाँस काटेर, इच्छा मारेर छोराछोरीलाई कसरी हुर्काए, छोराछोरी सम्झनै चाहदैनन् । आफू पनि बुढो हुन्छु भन्ने सोच्न सक्दैनन् । बुढेसकालमा बाबु आमाको सहारा हुनुपर्छ भन्ने हेक्का पनि राख्दैनन् । बुढाबुढीहरूको सहारा लठ्ठी बनेको छ । छोराछोरी विदेश छन्, स्वदेशमै भएपनि बाबुआमालाई बोझ ठानेर बृद्धाश्रममा छाडेका छन् । दशैं पर्वहरूमा गएर भेट्छन्, र त्यतै छाडेर आउँछन् । आजका छोराछोरीलाई बाबुआमा हेर्ने, स्याहार्ने फुर्सद छैन । जसका छोराछोरी छैनन्, तिनलाई टण्टै साफ । जसका छोराछोरी छन्, तिनलाई सम्झेर यस्ता बुढाबुढीहरूको मन कति रून्छ होला ? बुढाबुढीको सहारा को ?

# समाज अपराधिकरण गरिँदै

काठमाडौं । हत्या आरोपमा जन्मकैद पाएका रिगल उर्फ योगराज ढकाललाई संविधान दिवसका दिन माफी दिइयो । किन दिइयो, सरकार र राष्ट्रपतिलाई बाहेक कसैलाई पनि थाहा छैन । किनकि यो संगतिपूर्ण माफी हुँदै होइन ।









६७० लाई माफी दिइयो, त्यही भीडमा यी हत्यारालाई पनि माफी भयो । यी बाँकेका कांग्रेसी कार्यकर्ता हुन् । ढकालले २०७२ असार २८ गते खुँडा हानेर २९ वर्षका चेतन मानन्धरको हत्या गरेका थिए । जिल्ला अदालत बाँकेले २०७५ वैशाखमा सर्वस्वसहित जन्मकैद (२० वर्ष) को सजाय सुनाएको थियो । उच्च अदालतले यही फैसलालाई सदर गरेको थियो ।

रिगल तरूण दल बाँके क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति भए पनि उनलाई 'गुन्डा नाइके' भनेर चिनिन्छ । उनी छुट्दा कांग्रेसले ठूलै उत्सव मनाएको देखियो ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा भ्रष्टाचार, यातना, जबरजस्ती करणी, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेकोलगायतका कसुरका कसुरदारलाई भएको सजाय माफी गर्न नसकिने उल्लेख छ । तर १० दलीय गठबन्धन सरकारले कांग्रेसको कानेखुसीलाई मान्नु स्वभाविक थियो, कानुन मिचियो ।

यसअघि टीकापुर हत्याकाण्डका दोषी रेशम चौधरीलाई माफी दिइएको थियो ।

संविधान दिवस, गणतन्त्र दिवसका अवसर पारेर लेनदेन मिलाउने र जेल सजाय भोगिरहेका अपराधीलाई माफी दिने कुकर्म भइरहेको छ । राजनीतिकोअपराधीकरण भएकैले कैद माफी पाएका अपराधी रिहा हुन्छन् र यसरी छुटेका अपराधीले फेरि हत्या, समाजविथोल्ने कार्य गर्छन् भने यसमा जिम्मेवार कैद माफी दिने नै हुनुपर्छ ।

जिलासको न्यू क्लोथ अर्थात नाङ्गो राजाको कथाका पात्रहरू बन्न पुगेका छन् सरकार र राष्ट्रपति समेत । न्यायालयले यसमा बोल्नुपर्छ, आमनागरिकले राष्ट्रपति र सरकारमा बस्नेहरूलाई खरी घस्नुपर्छ । समाजलाई अपराधीकरण गर्न पाइदैन । समाजमा पराध फैलाउनु भनेको लोकतन्त्रलाई बिकृत बनाउनु हो । सरकारको सिफारिसमा बिचारै नगरी राष्ट्रपतिले जन्मकैदवालालाई कैद मिनाह गरे, महिना दिन नबित्दै त्यो अपराधीले हत्या गर्‍यो, पक्राउ पर्‍यो ।

असोज ३ गते कैद मिनाह पाएका रूकुमपश्चिमको सानीभेरी गाउँपालिका - ९ सिम्लीका ३३ बर्षीय लोकेन्द्र भनिने लोकबहादुर बिकले मुसीकोट नगरपालिका-७ साँखकी २८ वर्षीया भावना बिकको हत्या गरिदिए, पक्राउ परे । सरकार प्रमुख र राष्ट्रप्रमुखले यस विषयमा मुख खोलेनन्, आत्मालोचना पनि गरेनन् ।

लेनदेन वा जुनसुकै विषयको विवादले हत्या होस्, हत्या भयो । हत्यारा हत्या अभियोगमा छुटेका व्यक्ति हुन्, छुटाएको सरकार र राष्ट्रपतिले हो । प्रहरीले घटनास्थलबाट चक्कु, मोबाइल, लोकबहादुरको घरबाट ८५ हजार ८३५ रूपैयाँ बरामद गरेको छ । ०७६ जेठ ९ गते एक वर्ष कैद सजाय सुनाएका लोकबहादुर ०७९ फागुन १४ गते जेल परेका थिए । अर्थात नेपालमा कानुन छ भन्ने स्थिति रहेन, सत्तामा बस्नेले नै स्वार्थका लागि कानुन मिच्ने क्रम बढेको छ ।

## प्रधानसेनापति बेलायत, प्रधानन्यायाधीश चीनतिर



काठमाडौं । प्रधानसेनापति प्रभुराम शर्मा लण्डन भ्रमण भएको छ । बेलायतका समकक्षी सर पेट्रिक सान्डर्सको निमन्त्रणमा बेलायत भ्रमण गएका हुन् । यो भ्रमणमा प्रधानसेनापतिले सेन्टा क्याम्पको भ्रमण गर्नु नेपालका लागि उपयोगी हुने विश्लेषण छ । बेलायतसँग नेपालको सबैभन्दा पुरानो सम्बन्ध छ । बृटिश गोर्खाहरूको समस्या पनि छ । यी विषयमा कुरा हुने सम्भावना कम छ किनकि बृटिश गोर्खाको समस्याको सम्बन्धमा सरकार सरकारवीच कूटनीतिक रूपमा वार्ता हुनुपर्ने हो । नेपाल सरकारले कहिले पनि बृटिश सेनाका समस्याका बारेमा कुरा उठाएको छैन । सामान्य रूपमा गालटारा रूपमा कुरा गर्नाले बृटिश गोर्खाले माग गरेको समानताको अधिकार अहिलेसम्म पाएका छैनन् ।

यो भ्रमणमा बेलायती सेनाका अनेक अधिकारीसँग भेटवार्ता भएका छन् । दुईपक्षीय हितका विषयमा कुरा हुनु सेना सेनावीचको सम्बन्ध विकासमा उचित प्रभाव पर्ने सैनिक बिज्ञहरू बताउँछन् । झण्डै एकलाख सेनाका प्रधानसेनापतिले बेलायती सैनिक क्याम्प, तालिम केन्द्रहरूको अवलोकन गर्नु र अनेक अधिकारीहरूसँग भेटवार्ता गर्नुले नेपाली सेनाभित्र आधुनिकरण गर्न बल पुग्ने निश्चित छ ।

बेलायतले पहिलेजस्तो नेपाललाई हेर्ने दृष्टिकोणमा भिन्नता ल्याएको छ, यहीकारण भिसा सेक्सनलाई भारतमा सारेको छ । नेपालीले भिसा वा अन्य कार्यका लागिसमेत दिल्ली धाउनुपर्ने अवस्थाको अन्त्य गर्न परराष्ट्र मन्त्रालयले ध्यान दिएको छैन, सैनिक कूटनीतिले बिस्तारै केही गर्ला कि ?



काठमाडौं । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ चीन भ्रमणमा निस्किएका छन् । श्रेष्ठको टोलीले चीनको सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाका अध्यक्षको निमन्त्रणामा कात्तिक १५ देखि १७ गतेसम्म चीनको सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाको औपचारिक भ्रमण गर्नेछ । भ्रमणका समयमा सुप्रिम पिपुल्स कोर्ट अफ चाइनाका अध्यक्ष तथा अदालतका उच्च अधिकारीसँग औपचारिक भेट गर्नुका साथै कानुन र न्याय प्रणालीसँग सम्बन्धित आपसी सहयोगका क्षेत्रहरूमा छलफल गर्ने कार्यक्रम रहेको सर्वोच्च अदालतले जनाएको छ ।

प्रधानन्यायाधीशको यो टोली सिञ्ज्याङ प्रदेशमा चाइना ल सोसाइटीले कात्तिक १२ देखि १४ सम्म आयोजना गर्ने सेन्ट्रल एसिया एण्ड साउथ एसिया लिगल फोरमको कार्यक्रममा सहभागी हुनेछ ।

श्रीमती रोशनी अमात्य श्रेष्ठ साथमा लिएर गएका प्रधानन्यायाधीशको भ्रमण टोलीमा न्यायाधीश डा. आनन्दमोहन भट्टराई र उनकी पत्नी पुष्पा भट्टराई, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार लालबहादुर कुँवर र शाखा अधिकृत नविनकुमार यादव सहभागी छन् । १७ कात्तिकमा प्रधानन्यायाधीशको यो टोली नेपाल फर्कने कार्यक्रम रहेको छ ।

चिनियाँ अदालतमा भ्रष्ट र राष्ट्रघातीहरूलाई धमाधम सजाय दिइरहेको स्थिति छ । त्यस्तो चीनबाट प्रधानन्यायाधीशले केही सिकेर आए नेपालले लाभ पाउने छ भन्न सकिन्छ ।

## ८ वर्षदेखि घिटघिटे सार्कमा बंगलादेशी महासचिव



काठमाडौं । सन २०१४ मा नेपालमा सार्क सम्मेलन भयो । नेपाल अध्यक्ष बन्यो । २०१४ देखि नेपाल नै अध्यक्ष छ, सार्क सम्मेलन हुनसकेको छैन । सन २०१६ मा पाकिस्तानमा सार्क सम्मेलन हुनुपर्ने थियो, काश्मिरमा भारतीय सेनामाथि आक्रमण भयो भन्ने बहाना बनाएर भारतले चासो दिएन, सार्क सम्मेलन हुनसकेन । नेपाल अध्यक्ष रहेको सार्क ८ वर्षदेखि घिटघिटे अवस्थामा छ ।

१९ सार्क सम्मेलन पाकिस्तानमा हुनुपर्ने तालिका थियो, हुनसकेन । गत सेप्टेम्बरमा न्यूयोर्कमा सार्क राष्ट्रका परराष्ट्र मन्त्रीहरूको भेट भएको थियो, त्यहाँ पनि सार्कबारे निर्णय हुनसकेन । अब सार्क छ, नाममात्रमा सिमित भएको छ ।

यस्तो मरेतुल्य सार्कमा बंगलादेशका भेटेरान कूटनीतिज्ञ गोलाम सरवार १५औं महासचिव नियुक्त भएर कार्यभार सम्हाल्न थालेका छन् । यी भेटेरान कूटनीतिज्ञले सार्क सम्मेलन सम्भव बनाउन भूमिका खेल्न सक्लान् र ? अध्यक्ष राष्ट्र नेपालको सत्ताधारी दशै दल भारतको इसारामा उठबस गर्ने खालका क्रियाकलापमा देखिएकाले पनि भारतको संकेतबिना सार्क सम्मेलन हुनसक्ने सम्भावना क्षीण रहेको छ । भारतमै पुगेर पनि नेपालको चुच्चेनक्सा देखाउन नसक्ने सरकार प्रमुखले, राष्ट्रसंघका महासचिवलाई चुच्चे नक्सा उपहार दिन नसक्ने सरकार र ठूला दलहरूले सार्कलाई ब्यूँताउन सक्ने देखिदैन ।

## हरि मञ्जुश्रीको खोज

### थाइल्यान्डमा गणेशको प्रचारबाट आम्दानी

थाइल्यान्डमा रहेको यस गणेशमूर्तिको प्रचार गरेर त्यहाँको सरकारले विदेशी मुद्रा थुप्रै आर्जन गरिरहेको रहेछ । नेपालमा चाहिँ यस्तो गरिँदैन ।



## होनहार मन्त्रीको गलत काम

काठमाडौं । मन्त्री धनराज गुरूङको साख निकै अग्लो थियो । जब कानुन मन्त्री भए यिनले आफ्नो खुट्टामा आफै बन्चरो हाने, भएको साख मटियामेट भयो ।



वकिलको परीक्षामा फेल भएकालाई यिनले न्यायाधीश नियुक्त गराइदिए । उपप्राध्यापक कुट्नेको मुद्दा फिर्ता लिइदिए । बालकृष्ण खाणलाई थुनामा राख्न आदेश दिने न्यायाधीशलाई सुदुरपश्चिममा सरूवा गरेर कारवाही गरे । यिनै कानुन मन्त्री हुन्, जसले सर्वोच्च अदालतले जन्मकैद फैसला गरेको ज्यानमारा अपराधीलाई संविधान दिवसको अवसर पारेर आममाफी दिलाई दिए । यिनै धनराज गुरूङ हुन जसले नकाम सबै गरे ।

मन्त्री नहुन्जेल न्यायका कुरा गर्ने धनराज गुरूङ, कानुनमन्त्री भएपछि कानुनमाथि नै धाँधली गर्न पुगे । कांग्रेसभित्र होनहार नेतामा गनिने धनराज गुरूङ, सत्तामा रहेका १० दल जसको दबाबमा निर्णय गरे पनि यिनले कांग्रेसलाई बदनाम गरिदिए, युवा कांग्रेसको समेत हुर्मत लिइदिए, देउवाका बफादार बने ।

वीपीका अनुयायी हुँ भन्ने धनराज गुरूङले वीपीको सिद्धान्तलाई समेत कुल्चेनन्, विधिको शासन र प्रजातन्त्रको मर्ममाथि समेत प्रहार गरे । यिनको कृयाकलाप देखेर धेरै कांग्रेसीजनले धनराज गुरूङको नामै सुन्न नचाहने बनेका छन् ।

# बिथोलिएको शान्ति सम्झौता र राष्ट्रसंघका महासचिवको भ्रमण



डा. केशव देवकोटा

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस गत आइतबारबाट नेपालको चारदिने भ्रमणकाक्रममा हुनुहुन्छ । उहाँको भ्रमणका प्रमुख कार्यक्रमहरू सम्पन्न भैसकेका छन् । उहाँ आज १४ गते नेपालको संसदमा सम्बोधन गरेर भोलीनै राष्ट्रसंघको मुख्यालयतर्फ प्रस्थान गर्नुहुने छ । हालसम्म उहाँले राष्ट्रपति, प्रधानमन्त्रि र बिभिन्न पार्टीका प्रमुखहरू र परराष्ट्रमन्त्रिसँग गरेको वार्तालाई हेर्दा उहाँ नेपालको शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउनेमा केन्द्रित रहनु भएको देखिएको छ । नेपालमा संयुक्त राष्ट्रसंघको रोहबरमा ०६३ मंसिर पाँचगते तत्कालिन नेकपा( माओवादी) र सात दलबीच बृहत् शान्ति संझौता भएको १७ बर्ष पूरा हुन केही दिन बाँकी छ । यसबीचमा बाग्मतीमा धेरै पानी बगिसकेको छ । देशको समग्र राजनीतिक परिस्थितिनै अलग भैसकेको छ । त्यसैले अब ०६३ को बृहत् शान्ति संझौताले गरेका प्रतिबद्धताहरू सहजै र तत्कालै पूरा हुने कुनै संभावना छैन । एक प्रकारले भन्ने होभने नेपालको शान्ति संझौता बिथोलिएको भएको छ । त्यसका मुख्य कारक त्यसमा हस्ताक्षरगर्ने नेपाली कांग्रेस र माओवादी केन्द्र रहेका छन् । विश्वका अन्य मुलुकमा भएका शान्ति सम्झौतालाई हेर्दा करीब ४० प्रतिशत मुलुकहरू शान्ति सम्झौतामा हस्ताक्षर भएको पाँच वर्षभित्र पुनः ठूला सशस्त्र संघर्षमै फर्केका छन् । ५० प्रतिशत मुलुकमा शान्ति संझौता सफल भएको छभने करिव १० प्रतिशत मुलुकमा नेपालमाजस्तै शान्ति संझौता न सफल न बिफल ( कचल्टिएको) अवस्था रहेको छ । नेपालमा शान्ति संझौता भएपछिका केही बर्षहरूमा सशस्त्र गतिबिधिहरू कायमै रहेका थिए । ति आफै सेलाउँदै गएर हाल सशस्त्र गतिविधि सुन्यप्रायः अवस्थामा पुगेको छ । तर पनि जनयुद्धको नारा लाग्न छाडेको छैन । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले फेरी सशस्त्र संघर्षको तयारी गर्दैगरेका समाचारहरू बाहिर आएका छन् । जसले गत १२ गते आइतबारबाटै काठमाडौं उपत्यकालगायत देशका बिभिन्न भागमा प्रशिक्षण शुरूगरेका समाचारहरू बाहिर आएका छन् । यसअघि सो पार्टीले बर्तमान सरकार, राजनीतिक व्यवस्था र ०७२ को संविधान असफल भएको घोषणा गरेको थियो । सो पार्टीले फेरी क्रान्तिकारी सरकार गठनगर्ने घोषणासमेत गरिसकेको छ ।

त्यसैले बृहत् शान्ति संझौतालाई टुंगोमा पुऱ्याउने होभने सो पार्टीसँग वार्ता गरिनु अनिवार्यजस्तै भएको छ । तत्कालीन जनयुद्धका मुख्य कमाण्डर मानिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल यतिबेला नेपाली कांग्रेससँग सहकार्यगर्दै देशको कार्यकारी प्रमुख प्रधानमन्त्रि हुनुभएको छभने अर्को कमाण्डर डा. बाबुराम भट्टराईले पनि कम्युनिष्ट राजनीति परित्याग गरिसक्नु भएको छ । अब शान्ति संझौताकाबारेमा हुने छलफल र वार्तामा उहाँहरू दुबैलाई कम्युनिष्ट खेमाको प्रतिनिधि मान्न सकिने अवस्था छैन । पूर्व माओवादीको प्रमुख घटक क्रान्तिकारी कम्युनिष्ट पार्टीले त दाहाल र डा. भट्टराईलाई दक्षिणपन्थी र प्रतिकृयावादी खेमाका नेताको रूपमा सम्बोधन गरेको अवस्था छ । बृहत् शान्ति सम्झौताले मुख्य बिद्रोही शक्तिलाई लोकतान्त्रिक तथा अहिंसात्मक राजनीतिको मूल प्रवाहमा राख्न सकेन । सेना समायोजन, हतियारको व्यवस्थापन, तथा बारूदी सुरूङ हटाउने सवालहरू पनि हालसम्म बिवादमुक्त हुन सकेका छैनन् । संविधान सभानै बिवादमा परेको छभने कतिपयले ०७२ को संविधानलाई नेपालको राजनीतिक समस्याको मुख्य जड भएको बताएका छन् । ०६३ को परिवर्तन र मुख्यत देशलाई संघीयतामा लगिएपछि तल्लो तहसम्म विदेशी हस्तक्षेप बिस्तार भएको ब्याख्या र बिश्लेषण हुनथालेको छ । प्रधानमन्त्रि दाहालले संयुक्त राष्ट्रसंघको महासभा र राष्ट्रसंघका महासचिव सँगको भेटमा नेपालको बिद्यमान राजनीतिक व्यवस्था सफल भएको र शान्ति प्रक्रियाका धेरै काम सकारात्मक ढंगले अगाडि बढेको बताउनु भएको थियो । तर त्यो भनाई यथार्थता बिपरितको कुरा हो । किनकी यहाँ सत्ता र शक्तिमा रहेकाहरूलाई मात्र जतातत्तै हरियाली, सुशासन र हराभरा देखिएको छ । सत्ता बाहिर रहेका दल र सर्बसाधारणले देशमा असमानता, अन्याय, अत्याचार र चारैतिर भुखण्ड खडेरी बढ्दैगएको देख्नथालेका छन् । देशका कार्यकारी प्रमुख प्रधानमन्त्रि दाहालको नीति 'बडाले जो गऱ्यो काम, हुन्छ त्यो सर्बसम्मत' भन्ने सामन्ति प्रबृत्तिको छ । उहाँले जनयुद्धदेखि हालसम्मनै हरक्षेत्रमा बल प्रयोगको नीति लिने गरेकाले सबै असफल हुनेगरेका छन् । उहाँले आफ्नै पार्टीलाई समेत बिधि र पद्धतिअनुसार चल्न नदिएको आवाज उठेको छ । ०६३ को परिवर्तनपछि व्यवस्था गरिएका स्थानीय, प्रदेश र संघीय सरकारहरू निरन्तर बिवादको घेरामा पर्दैआएका छन् । नेपालमा संघीय शासन राजनीतिक अस्थिरता बढाउन लागूगराइएको होभन्ने हाल आएर प्रष्ट हुँदैगएको छ । ०६३ पछि लागूगरिएको जातीय समावेशी, धर्म निरपेक्षता, समानुपातिक निर्वाचन प्रणाली सबै बिवाद र कलहका जड बन्दैगएका छन् । नेकां र माओवादी केन्द्रकै कारण सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगको काम अलपत्र परेको छ । द्वन्दकालका समयमा भएका मानव अधिकार उलंघनका घटनाहरूको सत्यतथ्य छानबिन गरि पीडितहरूलाई न्याय दिलाउने एवं द्वन्दबाट पीडित/पीडक तथा बिभिन्न समूदायबीच मेलमिलापका लागि ति आयोगहरू गठन भएका थिए । तर गठन भएको यतिका बर्ष बितिसक्दा र पटक पटक पदाधिकारीहरू फेरिइसक्दा पनि कुनै ठोस काम हुनसकेको छैन । पछिल्लो करिव १७ बर्षको अवधीमा शान्ति संझौताका हस्ताक्षरकर्ताहरू पटक, पटक सरकारको नेतृत्वमा पुगेपनि उनीहरूले शान्ति संझौतालाई टुंगोमा पुऱ्याउन कुनै पहल गरिरहेका छैनन् । उनीहरू उक्त शान्ति संझौतालाई बिथोलेर आफ्नो सत्ता टिकाउने अभियानमा लागेको देखिएको छ । बिगत १७ बर्ष देखिनै द्वन्द पीडितहरू न्यायको पर्खाइमा रहेका छन् । कतिपयले हालका प्रधानमन्त्रि दाहालकै बिरूद्ध सर्बोच्च अदालतमा रिटसमेत दायर गरेका छन् । तर सरकारी पक्षबाट त्यसलाई रोक्ने र छेक्ने कामहरूमात्र भैरहेका छन् । सरकारमा रहेकाहरूले चाहेको भए हालसम्म मूख्य घटनाहरूको छानबिन भएर जे गर्न/गराउन सकिने हो, त्यो भैसकेको हुने थियो ।

द्वन्दका पीडित र प्रभावितहरूलाई समयमै उचित राहत तथा पुनर्स्थापना, घाइते र अंगभंग भएकाहरूको उपयुक्त उपचार तथा बन्दोबस्त भएको भए समस्या आजकोजस्तो जेलिएको अवस्थामा पुग्ने थिएन । जनयुद्धका बालसेनाहरूले आफूहरूको उपयुक्त व्यवस्थापन हुननसकेको भन्दै कानूनी उपचारको बाटो रोजेका छन् । तर त्यसकोसमेत उचित किनारा लाग्नसकेको छैन । ०५२ पछि शुरूभएको माओवादी विद्रोह शान्त भएपनि शान्ति सम्झौतापछि जन्मिएका र फैलिएका कतिपय जातीय, क्षेत्रीय तथा भाषिक/सांस्कृतिक आन्दोलनहरू यथावतरूपमा अगाडि बढिरहेका छन् । सत्ता र शक्तिमा रहेकाहरूले दिएको जातीय नाराका कारण धरानदेखि मलंगवाहुँदै नेपालगञ्ज सम्म अप्रिय घटनाहरू भएका छन् । ०६३ पछि बिभिन्न बहाना गरेर करिव एक करोड विदेशीलाई नेपालको नागरिकता दिलाइएको छ । संविधानसभाले झण्डै आठ वर्ष लगाएर बनाएको भनिएको संविधान पूर्णत कार्यान्वयन नहुँदै असफल भएको छ । सरकारमा रहेका नेकां र माओवादी केन्द्र त्यसलाई संशोधन गरेर आफ्नो अनुकूल बनाउन खोजिरहेका छन्भने अन्य कतिपय पक्षहरू जनगणतान्त्रिक संविधान निर्माणको पक्षमा र कतिपय पक्षहरू ०४७ सालको संविधान ब्युताउने प्रयासमा लागेका छन् । ०७२ को संविधानका कतिपय प्रावधानहरू विदेशी प्रायोजित रहेको र नेपालको बस्तुस्थितिसँग मेल नखाएकाले सो संविधान असफल भएको ठहर पनि हुनथालेको छ ।

०७२ को संविधान घोषणा भएपछि दुई चरणमा भएका तीन तहका निर्वाचनहरूबाट सो संविधान परिवर्तन नगरिनहुने निश्कर्ष निकालिएको छ । देशको ठोस परिस्थितिको ठोस बिश्लेषण गरेर प्रकृयागत ढंगले संविधान निर्माण गरिएको भए यो करिव आठबर्षको अवधीमा देशमा सुशासनको प्रत्याभूति भैसकेको हुने थियोभने सामाजिक तथा आर्थिक रूपान्तरणका आधारहरूको विस्तार तथा लोकतन्त्रको स्थायित्वका बलिया संकेतहरू देखिइसकेका हुने थिए । राज्यको पुन संरचना गरिएको भनिएपनि पहिलेकोभन्दा खासै फरक खेखिएको छैन । बरू कतिपय स्थानमा पहिलेकोभन्दा गएगुज्रिएको अवस्था देखिएको छ । ०७२ को संविधानले राजनैतिक समावेशीकरणलाई प्रमुखता दिन सकेको देखिएको छैन । यस्तै अवस्था होभने भविश्यमा फेरी ठूला र गम्भीर प्रकृतिका द्वन्दहरू सिर्जना नहोलान भन्न नसकिने अवस्था देखापरेको छ । देशमा शान्ति प्रक्रियाका बाधकहरूनै सत्ता र शक्तिमा रहेका कारण राष्ट्रसंघले शान्ति प्रक्रियाप्रति चिन्ता र चासो राख्दैमा केही हुनेवाला छैन । देश फेरी परिवर्तनको संघारमा छ । देश र जनताको पक्षमा बनाउन सबैले सचेतता अपनाउनु पर्ने अवस्था










# ७० वर्षदेखि गरीबका मात्र कुरा हुन्छन्



**बैकुण्ठ भण्डारी**

प्रजातन्त्र आएको ७० वर्ष नाघिसक्यो, सधैं गरीबका मात्र कुरा हुन्छन् । गरीबको उद्धार कहिले पनि हुनसकेन ।

ठाईला बा दंग छन् । राणा शासन, राजा शासन, प्रजातन्त्र, पञ्चायत, पुन प्रजातन्त्र, पुन राजतन्त्र, लोकतन्त्र अनि गणतन्त्र भोगेका ठाइला बा किन यति दंग छन् भन्ने कुरामा पो अचम्म छ ।

फलैंचामा बसेका उनी हातमा भएको स्मार्ट फोन हेरिरहेका छन् । समुद्रपारीबाट छोराले पठाईदिएको फोनमा आजकल दिनदिनै भिडियो कल गर्छन् अनि सानो नातीसँग अँः अँः भन्दै फुक्लिएर बाँकी रहेको अगाडिका दुई वटा दाँत ङ्गिच्च पारेर हाँस्छन् ।

सत्तरी वर्ष अघितिर रेडियो नेपालको समाचारमा प्यालेस्टाइनमा बम हानेको र रकेट प्रहारको खवर सुन्थे । जुन बेला भर्खर भर्खर रेडियो स्थापना भएको थियो । त्यही रेडियोमा नेपालका भन्दा बढी विदेशका खवर आउँथे । 'झम झम पानी पर्यो असारको रात, बारी भरि बज्न थाल्यो मकैका पात' प्रकृतिसँग जोडिएको नेपाली गीत पनि नसुनेका हैनन ठाईला बाले । तर आज त त्यही फोनमा असारमा परेको पानी जस्तै इजरेल र प्यालेस्टाइनमा रकेट बर्षेको र बम पड्किएको प्रत्यक्ष रूपमा भिडियो नै हेर्न पाएका छन् । त्यही भएर पो ठाईला बा दंग भाको रे ! मोवाईलमा भिडियो हेर्दै ठाईला बाले भनेको ।

तर कुरा त्यहाँमात्र छैन नि ठाईला बा । अर्को हप्ता चिल गाडी चढेर समुद्रपारी पो जाँदैछु भन्छन् । विज्ञानको चमत्कार हो बाबु चमत्कार ! यस्तो होला भनेर कसले सोच्या थ्यो र ? सँगै बसेका कान्छालाई ठाईलाको जिज्ञासा ।

कान्छो बालाई सोध्छ, अव तपाईहरूको पालामा जस्तो रमाईलो कहाँ छ र ? अहिले त सवै मोवाईलमै छ । छोरा एकातिर बुहारी अर्कोतिर ? भेट्नै मुश्किल ! तपाईले हेरको युद्धको भिडियो पनि त्यही मोवाईलमै काइदाको छ नि ।

काईदा के हुनु हो । यो त विकास गरेका नि । ठाईला बाको उत्तर आईहाल्यो । ऊ बेलादेखि अहिलेसम्म जसको शक्ति उसको भक्ति बाहेक के छ र ? सानालाई सवैले हेप्छन्, थिचोमिचो गर्छन् ।

मोवाईलमा भिडियो देखाउँदै ठाईला बा कान्छालाई भन्छन्, यी हेर यहाँ सत्तरी वर्ष अघि सुनेको युद्ध अहिले सत्तरी बर्षपछि रकेट हानेको देख्न पाईया छ । हेर त गरिव देशको हालत ।

मट्याङग्रो कान्छाले निकै कौतुहलताका साथ सोध्छ, होइन ठाईला बा यत्रा ठूला ठूला घर छन कसरी गरिव हुन्छन् हो ? हामी जस्ता झुपडीमा बस्ने पो गरिव त ? यिनीहरू त रकेटै उडाउन सक्ने पनि गरिव हुन्छ त ?

'हेर न हेर यस्का कुरा', पैसाले धनी हुने हो र मन धनी हुनु पर्यो नी । यीनका दुई आनामा बीस तल्ले घर बनाउँछन् जग्गा जमीन थोरै भए पछि गरिव भएन । त्यसै हेपेको र छ ? संसारमा गरिव भएपछि जसले पनि हेप्छ भन्ने कुरा यो सत्तरी वर्षसम्म नफेरिएको समाचारले देखाएको छ ।

त्यस्तो नि हुन्छ र भन्या ठाईला बा ? मट्याङग्रो कान्छो प्रश्न गर्छ । हुन्छ नि किन हुँदैन । नेतालाई देशको माया नभए पछि, छेपारोले रंग फेरे जस्तै विचार फेरेपछि के के हुन्छ ।

विष नभएको सर्प र इख नभएको मान्छेको के काम ? कम्तिमा त्यहाँका नेतामा इख छ र त सत्तरी वर्ष भन्दा अघिदेखि आफ्नो राष्ट्रका लागि लडेका लडै छन् । हाम्रा त उही हो !

हाम्रा चाहि के ठाईला बा ?

के हुनु ननि आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार हुन्छ । देशको परिवर्तन होइन आफै परिवर्तन भईदिन्छन् । गरिवको नाम भजाउँछन् अनि आफ्नो स्वार्थ पूरा भएपछि साहेव बन्छन् ।

कसरी ठाईला बा ? बालकले सोधे जस्तै गरी मट्याङग्रो कान्छो सोध्छ ? हाम्रै देशको इतिहास छ त ? ठाईला बा भन्छन्, नेपाल प्रजातन्त्र आएको ७० वर्ष नाघिसक्यो । सत्तरी वर्षदेखि गरिवको कुरा मात्र हुन्छ । ८० वर्ष अघिसम्म राणा शासनमा राजा गरिव जनताका थिए, जनता राजाका पक्षमा थिए । त्यही भएर जनताले राणा शासन ढाले र राजालाई राजगद्दीमा राखे । उनीहरू सत्तामा पुगेपछि जनतालाई रैती बनाए । ६० वर्ष अघि कांग्रेस गरिवको पार्टी बनेर आयो । जनता कांग्रेस बने, जव कांग्रेस सत्तामा पुग्यो । तिनका नेताहरू बाबुसाहेव बने जनतालाई कार्यकर्ता बनाए ।

त्यसपछि ४० वर्ष अघि एमाले फेरि गरिवको पाटी बनेर आयो । जनता एमाले भए । एमाले सत्तामा पुग्यो त्यसपछि कमरेड भन्ने नेताहरू कमाउ रेड बने र जनताको रेट पो तोके । एमाले बने वापत कार्यकर्ताले 'लेवि' नै तिर्नु पर्ने बनाए ।

लौन त्यत्तिले नि भएन । गरिवको बोलिदिने कोही छैन हो भन्दै २८ वर्ष अघि सशस्त्र युद्धमा होमिएर साँच्चै सर्वाहारा वर्गको नेतृत्व गर्ने भन्दै माओवादी गरिवको पाटीका रूपमा गाउँ छिर्यो । जनता भोकै शोकमा बसेर भएपनि पत्याईदिए । त्यो गरिवको पार्टी भनेको सर्वहारा पनि सत्तामा पुग्यो । उसैको बलमा राजसत्ता नै ढल्यो । उसले त देश र जनताको मुहार फेर्छु भन्दै, भन्दै आफ्नै रूप फेरिदियो । उ पनि तस्कर र ठेकेदारसँग रमाउन थाल्यो ।

ठाईला बा बहकिन थाले । इतिहास एकोहोरो भट्याउन थाले । कुनै बेला गुमेको आफ्नो दाहिने हात मट्याङग्रो कान्छोलाई देखाउँदै, 'यी हेर राष्ट्रको लागि झण्डै शहिद बनेको म' विचरा गहभरी आँशु पार्दै, ङ्गिच्च हाँसेर ठाइला बा भन्न थाले, 'हेर त अहिलेका उरण्ठेउलाहरू घाँटी सुक्ने गरी कराउँदै साँच्चै नै देश दलेले बिगारे भन्दै गरिवको लागि युवाहरू भन्दै दल खोलेर आए । जनताले पनि पत्याईदिए । तर ती पनि सत्तामा पुगे । विचरा तिर्खा लागेकाले कमिशन र भ्रष्टाचारीसँग मिलेर द्रव्य पिउन थाले ।'

तैले पत्याउँदैनस ? मट्याङग्रो कान्छोलाई धाप मार्दै, हेर कान्छा २० माथिको युवा देश छाडेर सवै खाडीमा, भ्रष्ट, कमिशनखोर, अत्याचारी बलात्कारी सवै सरकारी चिल्ला गाडीमा । यही हो विचार ? यही सिद्धान्त ? अव कसका लागि हो र ? के परिवर्तन गर्ने ? राणा फाले, पञ्चायत, फाले, प्रजातन्त्र फाले, राजा फाले अव के फाल्ने ? विचार र सिद्धान्त नै फालीसके । अव त चिच्याउने कराउनेहरूसँग फाल्ने कुरा केही पनि छैन । चिच्याउँछन्, कराउँछन्, आफ्नै देश सिध्याउने ! यिनीहरूसँग न त विचार छ, न सिद्धान्त ! हामी जस्ता बुढालाई पनि समुद्रपारी फाल्दैछन् ।

मैले कुरो अलि बुझिन ठाईला बा, कसरी फाल्दैछन् ?

ठाईला बा भन्छन्,सत्तरी बर्षमा मैले परिवर्तनको महसुस नै गर्न पाइन । अव म आफै परिवर्तन हुँदैछु । चिलगाडी चढेर जाँदैछु कान्छा 'तेल भिषा'मा । प्यालेस्टाइनी जस्तो देशभित्रै मर्छु भन्ने आँट आएन । विदेशी गुलामी बनेर

# सरसर्ती संसारलाई नियाल्दा

*अरूणबहादुर खत्री-*

नियात्राकार जीवा लामिछानेको सरसर्ती संसार नामक नियात्रा सङ्ग्रह सन् २०१६ मा पब्लिकेसन नेपा-लयले प्रकाशित गरेको छ । यसभित्र उनले लेखेका युरोपको रेलमा एक फन्को, टापु नै टापुको माला, बर्मा गए नि कर्म सँगै, समुद्रमाथि एक रात लगायत विभिन्न शीर्षकका २९ वटा नियात्राहरू समावेश गरिएका छन् । नेपाली साहित्यको विविध विधामा कलम चलाउदै आइरहेका उनी पछिल्लो समय नियात्रा विधामा रमाएको देखिन्छ । युरोपको रेलमा एक फन्को शीर्षकको नियात्रामा भरत शाक्यले नउक्साएको भए सायदै म यात्राका लागि कम्मर कस्थें । सहपाठी भरतजी भर्खर युरोपको लामो यात्रा सकेर फर्किएका थिए । उनको पदचाप पछ्याउने निर्णय गरेँ मैले भनेर नियात्राकार लामिछानेले लेखेका छन् ।

टापु नै टापुको माला शीर्षकको नियात्रामा मस्को-दुबई यात्रा सामान्यतया साढे पाँच घण्टाको हुन्छ । मैले सबैभन्दा बढी यात्रा गर्ने रूट यही हो । दुबईको कार्यालयमा जाँदा होस् नेपाल फर्कदा होस् वा अन्य कतिपय मुलुक पुग्दा नै किन नहोस् यो बाटोको यात्रा मैले गरेको छु । यस वर्षमा यी दुई देशबीचको आकाशमा मैले सयौ घण्टा बिताएको छु भनेर




उनले लेखेका छन् । बर्मा गए नि कर्म सँगै शीर्षकको नियात्रामा बर्मा पुगेपछि त्यहाँको इतिहासमा केही झिल्का अझ याद आइरहे । जर्नेल नेबिनले झन्डै पचास वर्षअघि सत्ता हत्याएपछि सुरू भएको जातीय दङ्गाका कारण नेपाली मूलका बर्मेली नागरिक शरणार्थी बनेर नेपाल आए भनिएको छ । नयाँ ठाउँको यात्रा गर्नुपूर्व त्यहाँको भूगोल, इतिहास, राजनीति र संस्कृति लगायतका विविध पक्षको जानकारी लिइयो भने सुन्दै आएका कुरा र वास्तविकताको तुलना गर्न सकिने रहेछ । नियात्रामा यात्राको सोझो वर्णनमात्र नभएर त्यसभित्र कलात्मक भाषाको वर्णन गरिन्छ । त्यस्तै भाषिक कलाले युक्त नियात्रा सङ्ग्रह सरसर्ती संसार पनि एक हो । समुद्रमाथि एक रात शीर्षकको नियात्रामा समुद्र पुरेर बनाइएको हङकङ एयरपोर्ट समुद्र पुरेरै बनाइएको सिङ्गापुरको एउटा नयाँ वस्ती र समुद्र पुरेर बनाइएका अनगिन्ती विकासले नियात्राकारलाई पटक-पटक सोच्न बाध्य पार्छन् । समुद्रलाई पुरेर सहर बसाल्ने अभियानमा दुबईका शासकहरूले कीर्तिमान कायम गरे भनेर नियात्राकारले लेखेका छन् ।

यो कृति नियालेर पढ्दा नियात्राकारको कलम निकै खारिएको पाएँ । नित्रायालेखनमा उनले निकै प्रगति गरेका छन् । उत्ताउलो नबनी सफलतापूर्वक आफुलाई प्रस्तुत गर्न सक्नु उनको चमत्कार हो र यस सङ्ग्रहमा उनले चमत्कार देखाएका छन् । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जतातत‍ै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् ।

छुट्टी मनाउन बलौटे टापु शीर्षकको नियात्रामा युरोपबासी क्यानरी आइल्यान्डलाई जाडो याममा छुट्टी मनाउने एक प्रमुख गन्तव्यको रूपमा लिने गर्छन् । छुट्टीका लागि मेरा रोजा ठाउँहरू अरू नै थिए तर रोजाइका क्यारेबियन देशहरूमा भिसा लिनुपर्ने झन्झट रहेकाले क्यानरी द्वीप समूहअन्तर्गतको फ्वेरतेभेन्तुरा द्वीपमा छुट्टी मनाउने निर्णय नियात्राकारले गरेका छन् । अस्थिरताको बादलमा युक्रेन शीर्षकको नियात्रामा कुनै समयमा मध्ययुरोपको शक्तिशाली राज्य मानिने युक्रेन गणराज्य मङ्गोलिया, लियुबानिया, पोल्यान्ड र रूसको अधिपत्यबाट छुटकारा पाउँदै सन् १८१७ देखि १९२० सम्म एक छुट्टै राज्यका रूपमा अस्तित्वमा रह्यो भनेर उनले लेखेका छन् ।

ठोरीको जन्तदेखि ताजमहलसम्म शीर्षकको नियात्रामा नेपाल बाहिरका मानिसलाई भेट्दा नियात्राकारलाई आमाले चाख्न दिएको त्यही तरकारी अथवा अचारको सम्झना आउँदो रहेछ । कुनै देशको एउटा नागरिक भेटे भने त्यो देश र समाजको कल्पना उनको दिमागमा त्यसरी नै बस्थ्यो । जसरी अचारको स्वाद बस्थ्यो । कोरियाको राप र ताप शीर्षकको नियात्रामा रातको समयमा भएको लामो उडानमा पनि आँखाहरू पटक्कै जोडिएनन् । त्यो बेला छोराहरूले दिएको सुझाव काम लाग्यो । उनीहरूले घरबाट निस्कँदा लाइफ अफ पाई चलचित्र हेर्ने सुझाव दिएका थिए भनेर नियात्राकार लामिछानेले भनेका छन् ।

यात्राका मोड, घुम्ती अनि गोरेटोमा भेटिएका अनुहारहरूलाई नाटकका पात्र जस्तै एउटा कथाभरि सँगसँगै रहेर छोडिएपछि अर्को कथामा आफूसहितको कुनै दृष्यको प्रतीक्षा उनले गरिरहेझैँ लाग्छ । यात्रा र स्थान परिवर्तनले मनभित्र नयाँ शक्ति प्रदान गर्दछ । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा स्रष्टा लामिछानेले आफूले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेका छन् । साथै यस सङ्ग्रहभित्रका नियात्राहरूमा जीवनबोध, जीवनको मौलिक परिभाषा र जीवनको कटु सत्यसँग आत्मसात पाइन्छ । नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जतातत‍ै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । अन्त्यमा समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु ।

कृतिः सरसर्ती संसार (नियात्रासङ्ग्रह), प्रकाशकः पब्लिकेसन नेपा-लय, कालिकास्थान ।

# मुक्तक लेख्ने प्रयासहरू : नेपाल र नेपाली सिध्याउने यिनै हुनु



जुनबेला मसँग पैसाको साँचो थिएन
त्योबेला मलाई पैसाको खाँचो थिएन
पैसाले नै पोलोस् भन्ने दर्वेपिशाचहरू छन् यहाँ
आधा पेटै भए पनि मलाई पैसाको चासो थिएन ।

**- ज्ञान उदास**



फालेर सबै मनभित्रको तुस, कालो, मैलो
खुलेरै नाचियो पुगेर छिमेकीको घर, दैलो
श्रद्धापुर्वक दान गरियो आफुले सकेको !
भरिएको छ टोलसुधारको ढुकुटी र थैलो ।

**- शंकर ज्ञवाली**



कस्तो भाग्य लिएर आएकी तिमी ले है चरी
टाढिनु नै पर्ने एकदिन आफ्नै रूख देखि कठैबरी
चस्किन्छ मन बेलाबखत छेस्का कतै भित्र बिझे झैं,
पोली रहन्छ, बुझ्दैन जति बुझाए नी कसै गरी ।

**- इन्दु तोदी**



मेरो मुस्कानले मनभित्रको पीडा भुलाएको छ
अरूले दिएको अपजसको भारीलाई सुलाएको छ
खोस्न सक्दैन यो मुस्कान कसैले पनि न चोर्न नै
अरूसामु मुस्कुराए पनि एकान्तमा रूलाएको छ ।

**- अम्बिका अधिकारी**



मिरमिरेमा चिरबिर गर्दै चरी नगाउन सक्छ
लालित्यको रङ्ग छर्दै बिहानी नघाउन सक्छ
हाँसौं बोलौं जिन्दगानी कर्कलाको पानी न हो
छुटेपछि फर्केर फेरि यो पल नआउन सक्छ ।

**- रमा खतिवडा 'मैनसिखा'**



खोज्दै उहीं सुगन्ध तल झन् तलै झर्नेहरू
कसुरलाई कुल्चिएर, उहीं कसुर गर्नेहरू
पवित्र छु भन्छन् लाजलाई लाजै लाग्नेगरि
थुतेर खुसी, बिथोलेर हाँसो तृष्णा भर्नेहरू ।

**- गंगा दहाल**



भन्छौ भने तिम्रो लागि जून बनिदिउला
तिमीले गाउने गीतको धुन बनिदिउला
बनिदिउला मीठो मुस्कान तिम्रो अधरको,
तिम्रो व्यक्तित्वको असल गुन बनिदिउला ।

**- नीता गुरूंग, असम**



तल गैरीखेतमा धानको बाला झुलेको यो बेला
आकाश पनि सफा हुँदै पुरै नै खुलेको यो बेला
फर्की आऊ परदेशी मेरा प्यारा प्यारा दाजुभाइ
बारीभरि मखमली सयपत्री फुलेको यो बेला ।

**- सुशीला ढकाल अधिकारी**



एकथरी भन्छन् थाकलको दाना राम्रो
अर्कोथरी भन्छन् थाकलको गाना राम्रो
प्रकृति प्रेमीका सन्तान एकस्वरमा भन्छन्
थाकलको हुन्छ दाना, गाना र छाना राम्रो ।

**- युवराज शर्मा**



बगैंचाभरि फूलहरू खुशी खुशी फुलिरहुन्
आकाङ्क्षा र उमङ्गहरू वरिपरि झुलिरहुन्
लक्ष्मीमाताको आशीर्वाद सदैव मिलोस् सबैलाई
पाइला प्रगतिकै पथतिर सदा सर्वदा डुलिरहुन् ।

**- गीताश्री शर्मा, सिक्किम**



ठान्यौ जीवन कति सस्तो बुझ्नै सकिएन
को सही यहाँ गल्ती कस्को बुझ्नै सकिएन
तिमीले बाटो मोड्दा मैले बोल्नै छोडिदिएँ
यो भ्रम हो वा प्रेमजस्तो बुझ्नै सकिएन ।

**- लक्ष्मी मुडवरी पण्डित**



बनको बाघ गाउँ गाउँ डुल्न थालेपछि
आफ्ना कुकार्य र गर्जन भुल्न थालेपछि
निर्लज्जमै धाकधक्कु छाड्न सक्दो रहेछ
अचम्मै हुँदोरहेछ गोप्यता खुल्न थालेपछि ।

**- मुक्तिनाथ शर्मा**





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | रोशन कार्की |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





## एनआरएनएले उठाएको प्रश्न

थैरआवासइ नेपाली महासंघको अधिवेशन सम्पन्न भएको छ । यही अधिवेशनको अन्तमा प्रधानमन्त्रीले गैरआवासीय नेपाललाई दोहोरो नागरिकता समेत बितरण गरेर ठूलै काम गरेको डिङ हाँकियो । गैर आवासीय नेपाली मूलतः नेपाली हुन् । तिनीहरूले नेपाली नागरिकता परित्याग गरेर विदेशी नागरिकता स्वीकार गरेका हुन् । तिनले लामो समयदेखि दोहोरो नागरिकताको माग गर्दै आएका थिए । त्यो मागलाई १० दलीय गठबन्धन सरकारले संवोधन गरेको छ । दोहोरो नागरिकता लिन चाहनेले सहज रूपमै लिन सक्छन् । दोहोरो नागरिकता पाएपछि गैरआवासीय नेपालीहरूले के कस्तो लगानी बढाउलान्, रोजगारीको सिर्जना गर्लान् ? मुख्य प्रश्न छ ।

यद्यपि गैरआवासीय नेपालीले बैंक, हाइड्रोलगायतका क्षेत्रमा लगानी गरेका छन् । जुन मात्रामा लगानी गर्ने प्रतिवद्धता जनाएका थिए, त्यस अनुसार लगानी गरेका छैनन् । सुविधा चाहिने, लगानी नबढाउने हो भने दोहोरो नागरिकता दिएको अर्थ र औचित्य कति बाँकी रहला ? यसकारण दोहोरो नागरिकता पाएका नेपालीले लाभ लिने, लगानी नगर्ने हो भने यो सुविधा देशका लागि बालुवामा पानी हालेसरहमात्र हुनेछ । राज्यले आफ्नो दायित्व निर्वाह गरेको छ, गैरआवासीय नेपालीले आफूले कबुल गरेका लगानी बढाउने र देशमा निर्यातजन्य उत्पादन तथा रोजगारीमा बढोत्तरी हुनेखालका काम गर्न जरूरी छ । राजनीतिक लाभका लागि मात्र दोहोरो नागरिकताको प्रवन्ध गरिएको रूपमा यो अवसरको दुरूपयोग नहोस् भन्नैपर्छ ।

७० लाखभन्दा बढी युवायुवती खाडीमुलुकमा काम गरिरहेका छन् । वास्तवमा वर्षको १२ खर्बभन्दा बढी रेमिटान्स पठाएर देशको भाँचिएको आर्थिक कम्मर दह्रो पार्ने यही बर्ग हो । यो बर्ग जहिलसुकै राज्यबाट प्रताडित भइरहेको छ । यहाँसम्म कि विदेशी भूमिमा मर्नेका परिवारले पाउनैपर्ने सुविधासमेत पाउन मुस्किल छ । कतिपय नेपाली विदेशी भूमिमा जेलमा छन्, अनाहकमा समस्यामा छन्, तिनको संरक्षण समेत हुने गरेको छैन । जो नागरिकता परित्याग गरेर विदेशी बनेका छन्, ती सुकिला मुकिला नेपाली रगतले आफ्नो कर्तव्यको पालना गर्ने बेला आएको छ । जिम्मेवारी पूरा गर्लान् ?

सरकारले नेपाली नागरिकता परित्याग गर्नेहरूलाई पुलपुल्याएको छ । तिनका मागहरू संवोधन गरेको छ । यो बर्गले देशमा पैसा पठाउन, लगानी गर्न, रोजगारी बृद्धि गर्न के कस्ता कामहरू गर्लान्, त्यो समयको परीक्षामा छ । यदि गैरआवासीय बर्गले देशका लागि देखिनेगरी कुनै काम गर्न सकेनन् भने अहिले पाएको दोहोरो नागरिकतामाथि प्रश्न उठ्ने निश्चित छ ।



गैरआवासीय नेपालीले दोहोरो नागरिकता पाएका छन् । यो सुविधा प्राप्त गरेपछि तिनले आफ्नो जन्मभूमिप्रति के कस्तो जिम्मेवारी बहन गर्लान् ?

# लोकतन्त्र र लोकतान्त्रिक सरकार यस्तै हुन्छ ?




लोकतन्त्र कस्तो हुनुपर्छ, लोकतान्त्रिक सरकारले के कस्तो काम गर्नुपर्छ ? नेपालको लोकतन्त्र लोकतन्त्र जस्तो छ र ? न त सरकार नै लोकतान्त्रिक जस्तो छ । फेरि किन लोकतन्त्र लोकतन्त्र भनेर भनिन्छ ?

लोकतन्त्र जनजीवनमा देखिनुपर्छ । जब जनजीवन कष्टकर छ, जनजीवनमा हुनैपर्ने कुनै पनि आधारभूत आवश्यकताको पूर्ति हुनसक्दैन, लोकजीवन अत्यासलाग्दो, बित्यासलाग्दो छ, त्यस्तो पद्धति लोकतन्त्र हुनसक्दैन ।

नेपालमा लोकतन्त्र आकर्षक साइनबोर्डमात्र हो । साइनबोर्ड र बुख्याँचामा कुनै भिन्नता हुन्न । दुबैको काम आकर्षक तर तसाउने । साइनबोर्डले जनजीवनमा कुनै परिवर्तन ल्याउन सक्दैन । साइनबोर्ड बढी भ्रम पनि हुनसक्छ । साइनबोर्ड हेरेर लोकतन्त्रको मूल्याङ्कन गर्न सकिदैन ।

लोकतन्त्रका नायकहरूले बिधि र व्यवहारमा चल्न सक्नुपर्छ । बिधि र व्यवहार झिंझाको डाँकाजस्तो गर्ने, मुखले राम राम भनेझैं लोकतन्त्रको डिङ हाँकेर लोकतन्त्र लोकतन्त्रजस्तो हुँदैन । लोकतन्त्रलाई लोकले अनुभूत गर्नुपर्छ, जब लोक निराश छ, त्यस्तो तन्त्रलाई लोकतन्त्र भन्नु मिथ्या हो ।

नेपालको लोकतन्त्र यथार्थमा डाँकातन्त्रजस्तो छ । प्रत्येक पल भ्रष्टाचार हुन्छ, अपराध भइरहेको छ । कानुनले शासन गर्न सक्दैन । नियमले छेक्दैन । समाज दिनदिनै भत्किदै र बिथोलिदै गएको छ । लोकतन्त्रले मर्यादामा नेतृत्व, शासक प्रशासकलाई राख्न सक्दैन भने त्यस्तो लोकतन्त्र साइनबोर्डभन्दा फरक कहाँ हुन्छ र ?

राष्ट्रियता भनेको लोक हो । लोक भनेको सीमा हो । नेपालको लोकतन्त्रले न लोकको रक्षा गर्नसक्यो, न राष्ट्रको सीमाको । न राष्ट्रिय नीति र बिधिको । कुनै पनि राष्ट्रका राष्ट्राध्यक्ष वा अपराधी आए गए पनि व्यवस्थाका सञ्चालकहरू थाहा पाउँदैनन् वा थाहा पाएर पनि बेवास्ता गर्छन् भने बुझ्नुपर्छ पद्धति सकियो । नेतृत्व देशका लागि होइन, विदेशीका लागि खेताला बने ।

जब कुनै नेता नेपालीत्वप्रति गर्व गर्न सक्दैन, नेपालीत्वको नीतिमा अड्न, उभिन सक्दैन, त्यस्तो नेता भनेको अर्काले उभ्याइदिएको बुख्याँचामात्र हो । बुख्याँचाले चरालाई तर्साउन सक्ला, देश र जनताको रक्षा गर्न सक्दैन ।

जनगणना भयो, पालिका र संघीय निर्वाचन भयो, संसदले चुच्चे नक्सा जारी गऱ्यो, नक्साअनुसारको भूगोल नेपालको हकभोगमा छैन । कालापानी, लिम्पियाधुरा क्षेत्रमा चुनाव हुन सकेन, जनगणना पनि भएन । भारतले ठूला परियोजना सञ्चालन गरेको छ नेपाली भूमिमा ।

केही दिन अघिमात्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी लिपुलेक, लिम्पियाधुरा, कालापानी हुँदै कैलाशपर्वतको दर्शन गर्न पुगे । नेपाली गाउँहरूमा ४ सय करोडका परियोजनाको निरिक्षण पनि गरे । यो सब नेपालीले देखे, नेपाल सरकारले देखेन । संसदमा कोकोहोलो मच्चाइयो, तर संसदले सरकारलाई ती भूमि नेपालको कि भारतको भनेर खरी घस्न सकेन । नेपाली भूमिको रक्षा गर्न नसक्ने पनि लोकतन्त्र हुन्छ ? बिस्तारै बिस्तारै नेपालको क्षमता गौण हुँदैछ । यी कस्ता नेता हुन्, जो आफ्नो भूमिमा अर्को राष्ट्रका सरकार प्रमुखले भ्रमण गर्दासमेत बोल्दैनन्, आफ्नो भूमिमा अर्काले योजना लागू गर्दासमेत थाहा नपाएजस्तो गर्छन्, यस्तो छ नेपालको लोकतन्त्र र असक्षम अकर्मण्य लोक शासकहरू ।

नयाँ पार्टीहरू पनि छन् संसदमा । युवा नेता पनि छन्, ती कसैले पनि प्रभावकारी रूपमा भारतका प्रम मोदीको कालापानी क्षेत्रको भ्रमणलाई प्रभावकारी रूपमा उठाउन सकेनन् । न त सडक आन्दोलन गर्नेहरूले नै यो मुद्दामा सरकारको आलोचना गर्नसके । यहाँसम्म कि नेपालको चुच्चे नक्सा सर्बसम्मत पारित गर्ने संसदले नेपालको भूगोमा विदेशी सरकार प्रमुखले बिना अनुमती, बिना जानकारी यसरी भ्रमणगर्दासमेत थाहा पत्तै नपाएजस्तो गर्नु १० दलीय सरकारको लम्पसारवादी नीतिको खुलासा भएन र ?

तैपनि यो सरकार भन्छ- लोकतान्त्रिक सरकार हो । यो कस्तो लोकतन्त्र हो, जुन सरकारले देशको भूमिको रक्षासमेत गर्न सक्दैन । आफ्नो भूगोलको संरक्षण र सुरक्षा गर्न नसक्ने पनि लोकतान्त्रिक सरकार ?

नेतृत्वकै कारण नेपाल दिनदिनै कमजोर बन्दै गएको छ । राजनीतिक रूपमा अराजकता, शासन सत्तामा अस्थिरता र कूटनीतिक रूपमा असफल हुँदै गएको छ । लोकतन्त्रमा राष्ट्रियता यसरी मैनबत्ती पग्लिएजसरी पग्लिन्छ ? लोकतन्त्रमा राष्ट्रियतामाथि यसरी विदेशीले धावा बोल्छन् ? लोकतन्त्रमा राष्ट्रियता भन्ने विषय पानीभन्दा पातलो हुन्छ ? लोकतन्त्रमा संविधानको रक्षा र पालन गर्ने दायित्व सरकार र संसदले निर्वाह गर्नुपर्दैन ? यहाँसम्म कि संसद छ भन्न सकिने अवस्था पनि छैन । किनकि संसद छ भन्ने बाहेक संसदले खेल्नुपर्ने कुनै भूमिका खेलेको देखिदैन । संसद सांसदले भत्ता र सुविधा असुल्ने हण्डीखानाजस्तो हुनपुगेको छ । यस्तो गाईजात्रा पनि लोकतन्त्र हुनेरहेछ । कुनै पनि कर्तव्य पालना गर्नु नपर्ने भए केको लोकतन्त्र ? केको संवैधानिक व्यवस्था ? के को राष्ट्रियता ? यो पद्धतिले देश र जनतालाई हरिकङ्गाल बनाएर छाड्ने भयो ।

बरू वर्तमान नेतृत्वले हामी राजनीति होइन, राजनीतिका नाममा अपराधिकरण गरिरहेका छौं, राजनीतिका नाममा व्यवसाय चलाइरहेका छौं भने हुन्न र ?

खुला सत्य के हो भने राजनीति गर्नेहरूले देश र जनतालाई नराम्ररी हेपे । देशका बुद्धिजीवी, विवेकशीलहरू बोल्न छाडे, जनता हातमुख जोड्ने कि नेतालाई खबरदारी गर्ने ? नेतृत्वले बुझेको सत्य के हो भने जतिसकेको भ्रष्टाचार गर्ने हो, भ्रष्टाचार गरेको पैसाले चुनाव जित्न सकिन्छ । चुनाव जितेपछि सत्ता, शक्तिशाली हुन कसले रोक्छ ? यस्तो दयालाग्दो सोचबाट ग्रसित छन् वर्तमान नेतृत्व । जसका कारण राष्ट्र असफल हुनुका सबै विशेषताहरू बढ्दै गएका छन् । नेपाल असफलताको भीरमा पुगेको छ ।

बेथिति बढ्दो छ । यस्तै गैरजिम्मेवार राजनीतिले कानुन व्यवस्था कायम गर्न सकेन । कानुनव्यस्था नएपछि हुने अव्यवस्था हो, कुशासन हो । देशमा यतिबेला अपराधिकरण भएको राजनीतिले शासन प्रशासन चलाइरहेको छ । जनता प्रताडित छन् । प्रताडनाको बढ्दो क्रमका कारण अब त अति नै भयो ? न देश सुरक्षित रह्यो, न लोकतन्त्र ? यो पद्धति उत्तम हो, शासक गलत पर्नाले पद्धतिकै बदनाम भइरहेको छ ।

नेतामा मात्र होइन, प्रशासकमा समेत जे गरे पनि हुन्छ भन्ने मानसिकताले सीमा नाघ्यो । नेतृत्व र प्रशासनले बुझ्नैपर्ने कुरा के हो भने उनीहरू भ्रमित भएका छन् । यस्तै हेपाह प्रवृत्तिले जनविद्रोह हुने हो । जब जनविद्रोह हुन्छ, त्यतिबेला संरक्षण दिने अदृश्य शक्तिले पनि छाडिदिन्छ, सातो बोलाइदिने पनि कोही हुने छैनन् । त्यतिबेलाको कहालीलाग्दो अवस्थाको भय कसैमा देखिदैन । भय बढ्दो छ ।

पछिल्लो घटनाक्रम हो, भारतका प्रधानमन्त्री नेपाली भूमिबाट चीनसँग व्यापार गर्न सहमति गरेको ९ वर्ष भइसक्यो । तैपनि नेपालले आफ्नो भूमिको महत्व बुझेन । नेपालको भूराजनीतिको महत्व बुझ्ने विश्वशक्ति नेपालमा प्रतिस्पर्धा गर्न थालिसकेका छन्, नेपाली नेताहरू मुनाफा र स्वार्थमा रलमलिएर नेपालको गरिमा र महिमा सिध्याइरहेका छन् ।

भारतका प्रधानमन्त्री नेपाली भूमि भएर केलाश भ्रमण गरिसके । नेपालका प्रधानमन्त्री वा मन्त्रीहरू मात्र होइन, कुनै नेता पनि आफ्नै भूमिसम्म पनि जान सक्दैनन् । नेपालको चुच्चे नक्सासम्म भ्रमण गर्न नसक्ने नता वा सरकारले आफूलाई राष्ट्रवादी भनेर फुइँकी लगाउनु भनेको आकाशतिर फर्केर थुक्नुसरह हो । जबदेखि राजतन्त्र फालियो, तबदेखि नेपाल अभिभावक विहीन बन्नपुग्यो ।

जनता कमजोर भएपछि हुने यस्तै अपराधिक, अस्वस्थ राजनीति, राष्ट्रघात हो । जनताले बुझेका छन्, जनतालाई पार्टी पार्टीमा बिभाजन गरेकाले नैतिकहीनताले प्रश्रय पाएको हो । नैतिकवानहरूको आवाज पातलिएको छ । भ्रष्टहरूको चर्को आवाज घन्किएको छ । यसकारण त आचरण निर्वाचितमा मात्र होइन, समानुपातिक संवैधानिक सिद्धान्तमा समेत कायम रहन सकेन । जताततै राष्ट्रघात मात्र भइरहेको छ ।

अतिवाद लोकतन्त्रवाद बन्यो भनेको त लोकतन्त्रवादीसमेत अतिवादसँग मिलेर अतिवाद बढाइरहेका छ्न । लोकतन्त्रका नाममा यो अतिवाद हो । अतिवाद अब सह्य हुनुहुन्न । राजनीति त्यसै पनि अपराधिक हुँदै गएको छ, राजनीतिले धर्म छाड्दै गएको छ । त्यसमाथि राष्ट्रघातका श्रृङ्खला चल्नु, यो थप अपराध हो । राजनीतिका नाममा स्थापित अपराधको अन्त अब जनताले नै गर्नुपर्छ । अकर्मण्यता राजनीतिको चरित्र बनेको छ । यस्तो चरित्रको नास हुनुपर्छ । लोकतन्त्रका नाममा अपराध राजनीतिले देश र जनता दुबैलाई सिध्याउने साजिस गरिरहेको छ । यस्तो साजिसको पर्दाफास गर्नका लागि अघि नबढ्ने हो भने भोलि भोलि धेरै ठूला संकटहरू आउने निश्चित छ । यसकारण जनता जागरूक हुनुपर्छ, अन्यथा हतारमा यस्ता गएगुज्रेका गैरजिम्मेवार नेतृत्वको भर पर्दा भोलि फुर्सदमा खप्परमा हात लगाएर पछुताउनु पर्ने अवस्था आउने छ । अभिभावक नभएको अराजक राजनीतिले देश सिभ्याउन सक्छ, जनता जाग्नैपर्छ ।






# काश्मीरीले जस्तो दिन हामीले भोग्नु नपरोस्

**बहस/विचार**

दीपक कुमार




अक्टोबर २६ लाई भारतीय संघ शासित क्षेत्र जम्मू र कश्मीरमा क्षेत्रीय सार्वजनिक बिदाको रूपमा मनाइन्छ जुन १९४७ मा कथित रूपमा महाराजा हरि सिंहले विलयको पत्रमा सही गरे, भारतका तत्कालीन गभर्नर जनरल लर्ड माउन्टबेटनसँग ।

यसले कथित रूपमा १९४७ को भारतीय स्वतन्त्रता ऐन अन्तर्गत सम्मिलितको प्रक्रिया पूरा गर्यो । यसको विपरीत, भारत-नियन्त्रित जम्मू र कश्मीरमा साउन १९ का दिन विश्वभरका पाकिस्तान सम्मिलित दिवस मनाउँछन् ।

यो द्विविधा उत्पन्न भएको हो किनभने यस दिनलाई मुस्लिम सम्मेलनले १९४७ मा कश्मीरीहरूको पाकिस्तान-विलय दिवसको रूपमा घोषणा गरेको थियो । जम्मु र काश्मीरको दलित तर दृढ जनताले जुनसुकै मूल्यमा आफ्नो अन्तिम भाग्य पाकिस्तानसँग जोड्ने निर्णय गरेका थिए । काइद-ए-आजम मोहम्मद अली जिन्नासँग स्वतन्त्र राष्ट्रको परिवर्तन चाहेका थिए ।

१८४६ बाट कश्मीरीहरू उत्पीडनमा छन्, जब जम्मू र कश्मीरको रियासत राज्य बनेको थियो र ९५ प्रतिशत भन्दा बढी मुस्लिम जनसंख्या भएको राज्यलाई ईस्ट इन्डिया कम्पनीले हिन्दू महाराजा गुलाब सिंहलाई ७५ लाखमा बेचेको थियो ।

त्यसपछि कश्मीरी मुस्लिमहरूलाई दासको रूपमा व्यवहार गरे र उनीहरूलाई क्रुरताको लागि आतंकको शासन जारी राखे । १४ अगस्त १९४७ को मिति नजिकिँदै गर्दा, कश्मीरीहरू डोगरा शासनको दमनबाट मुक्त हुन उत्साहित थिए ।

१९४७ को स्वतन्त्रता ऐन अनुसार, ब्रिटिश शासन अन्तर्गत भारतका सबै रियासतहरूले दुई देश स्वतन्त्र भएपछि पाकिस्तान वा भारतसँग आफ्नो विलयको घोषणा गर्ने अपेक्षा गरिएको थियो । कश्मीर पाकिस्तानमा मिल्ने निष्कर्ष थियो ।

५९ साहसी र जीवन्त नेताहरूको उपस्थितिमा पाकिस्तानमा राज्यको विलयको उत्सव प्रस्ताव पेश गरियो । जिन्दाबादको नाराका साथ प्रस्ताव पारित गरियो ।

यो शताब्दी उज्यालो भविष्यको आशाको निश्चित किरणको बीचमा थियो, जुन अंग्रेज-शासन र तिनीहरूका गुलाब सिंहबीचको कुख्यात अमृतसर सन्धिको हस्ताक्षरसँगै अगस्ट ६, १८४६ मा, निर्दोष मानिसहरूका लागि पन्डोराको बाकस खोल्दै, सबैभन्दा स्पष्ट रूपमा राज्यका मुस्लिमहरूका लागि, तर भयो उल्टो ।

उक्त प्रस्तावले राष्ट्रपिता कायद-ए-आजम मोहम्मद अली जिन्नाहको गतिशील नेतृत्वमा कश्मीरीहरूको प्रतिबद्धता र पूर्ण विश्वास यस शब्दमा व्यक्त गर्दछः हामी उहाँलाई (महान कायद) अभिवादन गर्दछौं र उहाँलाई हृदयदेखि बधाई दिन्छौं । पाकिस्तानको स्थापनाको शुभ अवसरमा हाम्रो हृदयको विशाल आनन्द र आत्मा सन्तुष्टिको साथमा । जम्मु र कश्मीर राज्य, संकल्पले स्मरण गरेको थियो कि प्रकृति द्वारा पाकिस्तान संग जोडिएको छ - सबै धारणाको माध्यमबाट, धार्मिक, भौगोलिक, प्रादेशिक, व्यापारिक साथै सभ्यता र संस्कृतिको अटुट बन्धनको माध्यमबाट एक एकल तथ्यको साथ सबैको मुटुको धड्कन । काश्मिरीहरू पाकिस्तानमा रहेका आफ्ना दाजुभाइहरूसँग एक्लै सिङ्क्रोनाइज गर्छन् ।

हिन्दू डोगरा शासकलाई कडा चेतावनी दिँदै, ९५ प्रतिशत भन्दा बढी मुस्लिम जनसंख्या भएको राज्यका बहादुर जनताले हरि सिंहलाई १४ अगस्त १९४७ अघि कुनै पनि ढिलाइ बिना पाकिस्तानसँग राज्यको विलयको घोषणा गर्न वा प्रलयको सामना गर्न तयार हुन आग्रह गरे यो लोकप्रिय आवाजलाई दुर्व्यवहार गरियो ।

अफसोस, २७ अक्टोबर १९४७ मा डोगरा महाराजाले सम्मिलन पत्रमा हस्ताक्षर गर्न हिचकिचाउँदै थिए, भारतीय सेनाहरू श्रीनगरमा अवतरण गरे र अवैध रूपमा कश्मीर कब्जा गरे । कश्मीरका महाराजालाई संगीन बिन्दुमा भारतको पक्षमा विलयको पत्रमा हस्ताक्षर गर्न बाध्य पारियो । कश्मीरी र पाकिस्तानी स्वयंसेवकहरूले कश्मीरलाई भारतको चंगुलबाट मुक्त गराउने प्रयास गरे । कश्मीरमा युद्ध भयो ।

जब मुक्तिकारी सेनाहरू श्रीनगरमा पुगे, नेहरूले युद्धविरामको लागि संयुक्त राष्ट्र सुरक्षा परिषदमा गुहारे । राष्ट्रसंघले बाध्य तर कश्मीर सम्बन्धी प्रस्तावहरूलाई अनुमोदन पनि गर्‍यो, काश्मीरी के चाहन्छन् भनेर जनमत गराइनेछ भन्यो ।

सुरूमा भारत प्रस्ताव पालना गर्न राजी भयो तर जनमत संग१९६५ र १९७१ को पाकिस्तान-भारत युद्धले कश्मीरीहरूको भाग्य परिवर्तन गर्न सकेन । काश्मिरीले १९८९ मा स्वतन्त्रताको झण्डा उठाए, जसलाई भारतले क्रुर दमन गर्‍यो ।

१ लाखभन्दा बढी कश्मीरी मारिए । ५ अगस्ट २०१९ मा, भारतले आफ्नै संविधानको धारा ३७० र ३५-ए खारेज गर्‍यो र कश्मीर र लद्दाखलाई भारतीय संघमा गाभ्यो । मानवअधिकार संगठनहरू र राष्ट्र संघलाई यो चुनौती हो ।

# नेपाललाई कस्तो होला बीआरआई ?

विन्स्टन मक- बीआरआईअन्तर्गत इन्डोनेसियाको बाङडुङमा निर्मित रेलमार्गमा उच्चगतिको ट्रेनका अघिल्तिर इन्डोनेसियाली राष्ट्रपति जोको विडोडो (रोयटर्स) चीनको बेल्ट एन्ड रोड इनिसियटिभ अन्तर्गतका केही परियोजनाको प्रदर्शन राम्रो छैन । यो चीन वा परियोजना सञ्चालन भइरहेका मुलुकको दोष होइन । कोभिड-१९ महामारीदेखि युक्रेनमाथि रूसको आक्रमणसम्मका कारणले थुप्रै विकासशील मुलुकहरू समस्यामा परेका छन् । त्यसमाथि वातवरणीय संकटको कहर । उदाहरणका रूपमा पाकिस्तानको भयंकर बाढीपहिरोलाई लिन सकिन्छ ।

बीआरआई परियोजनाको जन्म भएयता चीनले करिब १५० देशमा झण्डै १ ट्रिलियन अमेरिकी डलर लगानी गरिसकेको छ । जसका कारण चीन विकासशील मुलुकहरूमा सबैभन्दा धेरै लगानी गर्ने मुलुक बनेको छ । तथापि, २०२१ मा अन्य मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने राष्ट्रहरूको सूचीमा चीन चौथो स्थानमा मात्र छ । चीनभन्दा धेरै अमेरिका, जर्मनी र जापानले लगानी गरेका छन् । सापटी लिनेहरूको ऋण तिर्ने क्षमतामा मुद्रास्फिति र बढ्दो ब्याजदरले समस्या उत्पन्न गरेको छ । त्यसमाथि उर्जा र खाद्यान्नको उच्च मूल्यले वातावरण बिगारेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार कम आय भएकामध्ये ६० प्रतिशत मुलुकहरू ऋणको दबाब थेग्न नसकेर संघर्षरत छन् ।

आज विश्व अर्थतन्त्रको वातावरण यति प्रतिकूल होला भन्ने एक दशकअघि कसैले सोच्न सकेको थिएन । त्यसमाथि चीनले लगानी गरेका थुप्रै मुलुकमा सुशासन र बलियो अर्थतन्त्र छैन । एउटा बृहत् लक्ष्य र भूराजनीतिक सोचविचारले निर्देशित भएर चीनले ज्यादा लगानी गरेको छ । जसका कारण चीनका केही परियोजनाहरू राम्रो आर्थिक विश्लेषणका आधारमा गरिएका होइनन् र व्यावसायिक रूपले मजबुत छैनन् । चीनले दबाबमा परेका मुलुकहरूको ऋण तिर्ने भाका सार्दै आएको छ । तर, यो तरिका दिगो नहुन सक्छ । यसले खास समस्या समाधान होइन, अवश्यंभावी घटनालाई अलिकति पर सार्ने काम मात्रै गर्छ । त्यस्ता ऋणको अवमूल्यन गर्ने बेला आएको छ । त्यसले बीआरआईका पोर्टफोलियोहरूको वास्तविक प्रदर्शन उजागर गर्न सक्छ । साथै, सुधारका लागि आधार पनि प्रदान गर्छ । चीन सबैभन्दा ज्यादा उर्जा र यातायातसम्बन्धी परियोजनामा जोडिएको देखिन्छ । तथापि, निर्माण परियोजना सञ्चालन गरेर चीन जोडिएको छ ।

चीनको लगानीको ठूलो हिस्सा उर्जा र धातुजस्ता स्रोतमा भएको देखिन्छ । यो चीनको राष्ट्रिय विकासको आवश्यकता अनुरूप नै छ । बीआरआई संलग्नताको प्रमुख गन्तव्यका रूपमा यो वर्ष मध्य पूर्वले मध्य एसियालाई विस्थापित गरेको छ । सायद पश्चिमको प्रविधिसम्बन्धी प्रतिबन्धबाट एक्लिएका कारण हुनसक्छ, चीनले डिजिटल पूर्वाधारसहित प्रविधि क्षेत्रका परियोजनामा आफ्नो संलग्नता बढाएको छ । यी सन्दर्भहरूमा हेर्दा बेल्ट एन्ड रोड इनिसियटिभ २.० कस्तो होला त ? पहिलो, चीनले जोखिमपूर्ण लगानी र सुशासन नभएका मुलुकहरूमा रहेका ठेक्का काँटछाँट गरेर आफ्नो लगानीको पोर्टपोलियो शुद्धीकरण गर्ने सम्भावना छ । दोस्रो, चीनले आफ्नो द्विपक्षीय सम्बन्ध राख्ने तरिका पनि परिवर्तन गर्न सक्छ । बीआरआई परियोजनाहरूमा लगानी गर्दा अन्तर्राष्ट्रिय सहकार्यको खोजी उसले गर्न सक्छ । महत्वपूर्ण कुरा, चीनले आफ्नो रणनीतिक प्राथमिकतालाई दोब्बर पार्ने सम्भावना छ ।

रेल अझै पनि महत्वपूर्ण हुनसक्छ । तर, चीनले रणनीतिक हिसाबले सबैभन्दा महत्वपूर्ण सीमित रेलमार्गमा मात्र ध्यान केन्द्रित गर्नेछ । जसमा युरोप जोड्ने नयाँ रेलमार्ग र एसियाव्यापी रेल सञ्जाल पर्छन् । सबैभन्दा बढी लगानी वृद्धि गैरपश्चिमामा प्रविधिको क्षेत्रमा हुनेछ ।

अन्त्यमा, ‘पेट्रोयुआन’सहित डिजिटल युआनको विश्वव्यापीकरणले चीनका लागि दीर्घकालीन रणनीतिक प्रभाव पार्नेछ । एक दशकको प्रयोगपछि बीआरआईले मिश्रित नतिजा दिएको छ । जुन, आश्चर्यजनक होइन । बीआरआईका केही गन्तव्यहरू लगानीका लागि विश्वकै सबैभन्दा चुनौतीपूर्ण स्थान हुन् । तीमध्ये केही मुलुकले त बीआरआईअघि प्रत्यक्ष वैदेशिक लगानी खासै प्राप्त गरेका थिएनन् । सीमान्तमा गरिने प्रत्यक्ष वैदेशिक लगानीका रूपमा चीनको रणनीतिलाई बुझ्न सकिन्छ । लगानीको गन्तव्य जति सीमान्तमा छ, उति नतिजा जोखिमपूर्ण हुन्छ । उदाहरणका लागि बीआरआई परियोजना सञ्चालन भएका केही मुलुकहरू वर्ल्ड जस्टिस प्रोजेक्टको कानुनी शासन इन्डेक्समा १०० भन्दा तल सूचीकृत छन् । जसमा रूस १०१, फिलिपिन्स १०२, बंगलादेश १२४, म्यानमार १२८, पाकिस्तान १३०, इजिप्ट १३६, कंगो १३७ र कम्बोडिया १३८ औँ स्थानमा छन् ।

यो सूचीमा चीन आफैँ पनि ९८ औँ स्थानमा छ । तर, मुख्यगरी सरकारको शक्तिमा अंकुश, खुला सरकार र आधारभूत अधिकारजस्ता शीर्षकमा कम अंक पाएका कारण ऊ पुछारमा परेको हो । चीन व्यवस्था र सुरक्षामा ३६, भ्रष्टाचारको अनुपस्थितिमा ५५, फौजदारी न्यायमा ६९ र देवानी न्यायमा ७४ औँ स्थानमा छ । चीनले कानुनी शासन इन्डेक्सको उच्च स्थानमा सूचीकृत मुलुकहरूमा लगानी गर्न प्राथमिकता दिने हो भने उसले यसभन्दा राम्रो नतिजा प्राप्त गर्न सक्छ । त्यस्ता मुलुकहरूमा चिली ३२, इटली ३४, पोल्यान्ड ३६, यूएई ३७, रूवान्डा ४२, दक्षिण अफ्रिका ५२, मलेसिया ५४, कजाकस्तान ६६ र इन्डोनेसिया ६८ पर्छन् । चीन र सिंगापुरबाहेक प्रत्यक्ष वैदेशिक लगानीको प्रमुख गन्तव्य प्रायः उत्तर अमेरिकी र युरोपेली मुलुक हुन् ।

चीनको बीआरआई रणनीतिमा सरकारी स्वामित्वमा रहेका उद्यमहरू प्रमुख खेलाडी रहँदै आएका छन् । चिनियाँ निजी कम्पनीहरूको बढ्दो भूमिका बीआरआईका लागि त्यस्तो घुम्ती बन्न सक्छ, जसले त्यो अवस्थाबाट मुक्ति दिन्छ । राज्यले नेतृत्व लिनेभन्दा निजी क्षेत्रको सहभागितालाई सहजीकरण गर्न बेइजिङले ध्यान केन्द्रित गर्न सक्छ ।

चीनको नव-स्वरूपको बीआरआईलाई उसको समग्र प्रत्यक्ष वैदेशिक लगानीको पोर्टफोलियोको सन्दर्भमा हेरिनुपर्छ । विदेशमा चीनको सञ्चित प्रत्यक्ष वैदेशिक लगानी अमेरिकाको लगानीको ३० प्रतिशत जति मात्र छ । चीनको वैदेशिक लगानीको पोर्टफोलियोमा उत्तर अमेरिका, युरोप र पूर्वी एसियाका सबैभन्दा सफल अर्थतन्त्रहरूलाई सामेल गराइनुपर्छ । त्यसका लागि चीनले दुर्जेय भूराजनीतिक बाधा सामना गरिरहेको छ । किनभने विकसित मुलुकहरूमा चीनप्रति नकारात्मक धारणा छ ।

अमेरिकालाई छाडेर पश्चिमा र उत्तरपूर्वी एसियाली मुलुकहरूसँग चीनले सम्बन्ध सुधार गर्नु राजनीतिक चुनौती मात्र होइन, महत्वपूर्ण आर्थिक काम पनि हो ।

(साउथ चाइना मर्निङ पोस्टबाट ।



युवा आवाज - धर्मरत्न श्रेष्ठ

dharma_pradhan@live.com

# लोकतन्त्र, अपराधतन्त्र परिवारतन्त्र

१० दलीय गठबन्धन सरकारले लोकतन्त्रका नाममा जुन तमासा देखाएको छ, त्यो अपाच्य छ । प्रत्यक्ष र समानुपातिक दुबै चुनाव प्रणालीमाठूला दलले लोकतन्त्रका सबै सीमा मिचेका थिए, लज्जा पनि लज्जित हुनेगरी । शासन प्रशासनमा यी ठूला दलले लोकतन्त्र लोकतन्त्र भनेर परिवारतन्त्र, अपराधतन्त्र चलाइरहेका छन् । ज्यानमारालाई समेत माफी दिएर समाजमा अपराध फैलाउने काम सरकारले नै गरेको छ । यति हुँदा पनि समाजको आक्रोश सार्वजनिक हुन सकेन ।

त्यसै पनि पत्नी, बहिनी, सासु, ससुरा, दाई, देवर, छोरी बुहारीलाई उमेदवार बनाएका दलहरूले नौ दम्पत्तिलाई नै चुनावी मैदानमा उतारेका थिए । त्यसमाथि समानुपातिकमा पनि सिमान्तकृत, महिला, दलितलगायतका अधिकार खोसेर ठूला दलका ठूलै नेताहरूले संसदमा जाने सुरक्षित राजमार्ग बनाएका हुन् । सिधै देखिन्छ, अनुभव गर्न सकिन्छ, नेपाली राजनीति परिवारवादमा आधारित भयो । यही परिवारवादले अपराधतन्त्रलाई मलजल गरिरहेको छ । देशमा बढ्दो आपराधिक घटनामा परिवारवाद, माफियातन्त्र हावी हुनथालेकोमा चिन्ता बढ्दै गएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले श्रीमती आरजु देउवालाई समानुपातिक सांसद बनाइदिए । यस्ता अनेकन दृष्टान्त छन् परिवारवादका । सिमान्तकृतका अधिकार हनन गर्नेले भन्छन्- हामी समाजवादी, प्रजातन्त्रवादी ? आश्चर्य छ ।

कस्तो रहेछ सत्ता । सामान्य लोकलज्जा पनि त्यागे ठूला दलहरूले । ठूला नेताहरूले । सत्ताको लालचमा यसरी डुब्ने नेताले देश र जनताको हित गर्छन् भनेर सोच्नु नै गलत हो । गलत साबित भइरहेको छ । परिवर्तनपछिको १७ वर्षमा भएका उद्योग बेचियो, बन्द गरियो । रोजगारी बढाउने कुनै पनि उद्यम स्थापित गरिएन, युवा युवतीले विदेशीन बाध्य पार्ने यिनै लोकतन्त्रवादी हुँ भन्नेहरू हुन् ।

५ लाख, ७ लाख, ९ लाख क्याडर भएको पार्टीमा यसरी बुढापुरानाले मात्र ओगट्ने र स्वार्थको राजनीति गरिरहने हो भने युवाको पालो कहिले आउने ? प्रत्यक्षमा पनि प्रभावशालीकै राइँदाइँ, समानुपातिकमा पनि ठूलै नेताको भाग नपुग्ने , सत्तामा पुगेपछि भ्रष्टाचारमात्र गर्ने हो भने १२६ जातिको नेपालमा १५-२० जातिको र ठूला नेताहरूको मात्र हैकम चलिरहने भो । राजनीतिको अपराधिकरणले सीमा नाघ्ने भो । लोकतन्त्रको गरिमा र महिमासँग आमनागरिक जोडिने र अपनत्व ग्रहण गर्ने कहिले ? लोकतन्त्र उदार हुनुपर्ने हो, लोकतन्त्रकोमात्र होइन, संविधानको मर्म र मर्यादासमेत कुल्चदा लोकतन्त्र र संविधानलाई बहुसंख्यक नेपालीले अपनत्व ग्रहण गर्नै सक्दैनन् । त्यसै पनि संविधानप्रति आपत्ति उठिरहेको छ, यसप्रकारको राजनीतिक गलत चलखेलले लोकतन्त्र केही नेताहरूको मौजाजस्तो बन्नपुगेको छ । लोकतन्त्र साझा सम्पत्ति हुनुपर्ने, कसैको मौजा बनयो भने त्यस्तो तन्त्र लोकतन्त्र हुनसक्दैन, त्यो त नेतातन्त्र, अधिनायकवाद हुनपुग्छ ।

बिगत १७ वर्षमा न समानता रह्यो, न सामाजिक न्याय ? श्री ३ राणा शासनको नयाँ शैली स्थापित हुनपुगेको छ । यी लोकतन्त्रवादी हुँ भन्ने नेताहरूको अनुहारमा दोषमात्र देखियो । लोकतन्त्रलाई चलाउन चाहिने लोकलज्जा र इमान सम्म पनि देखिएन । १७ वर्षपछि पनि नेताहरूले उही सामन्तीपन देखाएका छन् । आजको युगमा सामन्तपन सह्य विषय हुनसक्दैन । असह्य हुँदा श्रीलंकामा के कस्तो परिणति देखियो, नेपालमा पनि त्यस्तो दिन नआओस् भनेर सचेत हुनु बुद्धिमानी हुनेछ ।

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाईटिस

हाल नेपालका विभिन्न जिल्लाहरूमा भाईरल कन्जंक्टिभाईटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सतर्क रहौं ।

लक्षणहरू

- आँखा रातो हुने र चिलाउने ।
- आँखाबाट आँसु बगिरहने वा कचेरा / चिप्रा लाग्ने ।
- आँखाको ढकनी रातो हुने, सुन्निने ।
- आँखा बिझाउने / दुख्ने ।
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने ।



रोकथामका उपायहरू

भाईरल कन्जंक्टिभाईटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरू अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रूमाल, सिरानी, तन्ना प्रयोग नगर्ने ।
- जथाभावी आँखा नछुने । आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाईटिस भइहाले आत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफै निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

### In the context of International Rural Women Day 15 Oct 2023

# Women Empowerment in Nepal Through Equal Access of Girls and Women to Education

**Professor Dr. Uttam K. Karmacharya**
Resource person for equal access of girls and women to education LRC/ACCU Tokyo Japan

**Rationale for Girls' and Women's Education**

Gender inequality in education is extreme. Girls are less likely to access school, to remain in school or to achieve in education. Education helps men and women claim their rights and realize their potential in the economic, political and social arenas. It is also the single most powerful way to lift people out of poverty. Education plays a particularly important role as a foundation for girls' development towards adult life. It should be an intrinsic part of any strategy to address the gender-based discrimination against women and girls that remains prevalent in many societies.

The following links will further explain the necessity of girls'/women's education.

**1. Education is a right**
**2. Cultural changes**
**3. Better health and awareness**
**4. Poverty reduction**

**1. Education is right**

Everybody has the right to education, which has been recognized since the Universal Declaration of Human Rights (UDHR) in 1948. The right to free and compulsory primary education without discrimination and of good quality, has been reaffirmed in all major international human rights conventions. Many of these same instruments encourage, but do not guarantee, post primary education. These rights have been further elaborated to address issues like quality and equity, moving forward the issue of what the right to Education means, and exploring how it can be achieved. As a minimum: states must ensure that basic education is available, accessible, acceptable and adaptable for all.(4A Scheme) the right of girls to education is one of the most critical of all rights- because education plays an important role in enabling girls and women to secure other rights.

**2. Cultural changes**

Cultural and traditional values stand between girls and their prospects for education. The achievement of girls' right to education can address some of societies deeply rooted inequalities, which condemn millions of girls to a life without quality education-and therefore, also all too often to life of missed opportunities improving educational opportunities for girls and women helps them to develop skills that allow them to make decisions and influence community change in key areas. One reason for denying girls and women their right to an education is rarely articulated by those in charge: that is their fear of the power that girls will have through education. There is still some resistance to the idea that girls and women can be trusted with education. Education is also seen in some societies as a fear of change and now with globalization, the fear becomes even grater-fear to lose the cultural identity, fear of moving towards the unknown or the unwanted, and fear of dissolving in the many others.

**3. Better health**

Basic education proves girls and women with an understanding of basic health nutrition and family planning, giving those choices and the power to decide over their own lives and bodies. Women's education leads directly to better reproductive health, improved family health, economic growth, for the family and for society, as well as lower rates of child mortality and malnutrition. It is also key the fight against the spread of HIV & AIDS.

**4. Poverty reduction**

Educating girls and women is an important step in overcoming poverty. Inequality and poverty is not inevitable. "The focus on poverty reduction enables the right to education to be a powerful tool in making a change in the lives of girls and women. Poverty has been universally affirmed as a key obstacle to the enjoyment of human rights, including the right to education, which disproportionately affect girl and women various grounds of discrimination combine trapping girls in vicious downward circle of denied rights.

Denial of the right to education leads to exclusion from the labor market and marginalization into the informal sector or unpaid work.

**5. Emerging status of female education**

Since fifty percent of the Nepalese population constitutes women, any endeavor without the participation of women will be an incomplete affair. So, until the active participation of half of the population is obtained, nothing substantial can be gained. Owing to illiteracy and traditional social conventions and customs, a majority of women population have yet to enter into the main stream of development process in big way.

Since 1970 which is also called the era of Women's Education, the government has been giving special attention to this significant segment of the population. The promotion of female education has become the top priority in every governmental and non-governmental cell and sector of education. The opportunities for education through different possible alternative and innovative approach and media, and assistances in family care is some of the fields where women have been given special attention in consonance with the plans and policies of the Seventh plan.1985-90. For the purpose of balancing the participation of women in the national development work, it is our foremost duty to enlist women in all the activities relating to national development.

The participation of the maximum number of women in our development efforts certainly, helps to speed up the pace and to lead to a more equitable distribution of the benefits which can contribute to making lives of the people better and more fulfilling as envisaged in our "Basic Need Programs".

Thus, for rising the status of women it is essential to frame out objective-oriented strategies and programs based on past experience and on new developments. But the main thrust should be on providing a sound framework. The need is there for chalking out a program and plan of action which is more suited for women of Nepal in our cultural and economic context.

**6. Objective of education for girls and women**

**A) National level**

1. Universalizing of primary education by the year 2015
2. Contribution to the national development process by all men and women.
3. Increment of girls and women's participation in education generally.
4. Raising the social status of girls and women.
5. Raising the literacy rate of women.

**B) Local community level**

1. Strong participation of women in all community development activities especially literacy programs.
2. Change of altitudes and beliefs towards female education.
3. Consciousness of the benefits of female education.
4. Increment of girls' enrolment at school level.
5. Betterment of the overall family living conditions.

**c) Individual level**

Development of positive self-image and self concept.

**7. Strategies to improve the status of female educatio**n

**A) Formal education system Access**

1. Provision of free education up for all children, especially for girls of remote areas up to secondary level.
2. Increment of the number of primary schools.
3. Competition between schools regarding girls' enrolment.

**B) Infrastructure**

Upgrading of the primary school teachers in quantitative and qualitative terns. Priority to female primary teachers in employment.
Provision of hostel facilities for girls.

**Relevance**

1. Start revising the existing School curriculum.2. Integration of the school activities
and community development.

**c) Literacy**

1. Implementation of functional literacy programs especially for women.
2. Organization of morning classes for out of school girls (Cheli-beti) or children (Shikshya Sadan) which combine literacy and health activities.

C) Non-formal skill development

1. Provision of skill training courses for rural women.

D) Advocacy

1. Awareness rising towards the national and individual need of female education by
use of printed, audio and audio visual as advocacy materials.
2. Creation of field for informal learning by encouragement of the female primary
teachers to work actively as a change agent in their villages.

8. Some passed major efforts of governmental and nongovernmental programs and activities:

Since the adoption of 1975 as the international women's year, numerous activities have been introduced towards promoting girls' and Women's Education. The following major programs can be stated in this category in a nutshell.

1. Free textbooks for girls: To encourage parents to send their girls to school for longer duration the government of Nepal has provided free textbooks to female students of the districts.
2. Ratna Vidya Medal: Female students who have secured the highest positions in the school leaving certificate examination are decorated with this medal which carries a scholarship also.
3. Aishworya Vidya Media: Queen Aishworya has instituted Aishworya Vidya Media which is awarded to the female students who secured the highest position in the certificate examination of all faculties.
4. Preferences for Women in Primary School Teaching: The Government has adopted a policy of giving preference to girls and women in the appointment of teachers in primary schools.
5. School Award Program: Since 1976/77 the Ministry of Education and Culture has been awarded annual cash prizes to schools that enroll the largest number of female students in 18 remote districts. In addition to it, the Ministry of Education Women's Education Project in collaboration with the national population commission awards cash prizes of Rs. 6000/- (first prize) and Rs. 4000/- (second prize) to the schools in four zones that enroll the highest number of female students in every two years on a rotation basis, effective from 1982/83
6. School Scholarship programme: A school scholarship programme has been implemented with the assistance of National Population Commission for the indigent people for the remote and educationally backward districts.
7. Child care center: In has been found that having younger siblings at home are one of
the obstacles for schools age girls to attend school. In certain rural areas, there is a
particular project launched by UNICEF where there are child care centers also.
8. Adult Education Programme: Illiteracy has been a major bottleneck in educating children. Rural people are less literate than the urban people. So, the Adult Education Section, Women's Education Project, Education for Rural Development Projects, etc of the MOE and other governmental agencies and non-governmental agencies like Nepal Women's Organization, Agricultural Development Bank etc. are implementing literacy programmes in order to eradicate illiteracy from the country.
9. Education Programme for Rural Development (Seti Project): The Seti Project has implemented various innovative programmes in Seti Zone Chelibety programme (out – of school girls programme) is one of the programmes. This programme has facilitated increasing the participation of girls in education that is out of school.

In conclusion we must give priority to five steps to improving equal access of girls and women education. They are:

1. Provide a strong foundation through early childhood development.
2. Manage strong focus on basic education.
3. Educate with job relevant skills to lunch own business.
4. Create conducive environment that encourages in knowledge and creativity.
5. Promote flexible, efficient and secure labor market.

*( Prof. Karmacharya was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, Philippines, Sri Lanka, Thailand, UNESCO ).*

# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.....
CHAPTER 9

Physically, Namgyal Tsering was the more imposing personality: tall, ramrod straight, with a face the colour and texture of a dry walnut and a few wisps of grey hair doing valiant service as a beard. Contd...

An ancient trench-coat, ragged but debonair, draped his spare frame. In another age, the man might Rave passed for a soldier of fortune. He repeated Sikkim's economic grievances, warned that there would be communal violence unless the electoral system were revised, and complained that Sikkimese applicants for passports had to cool their heels for at least two years. (Sikkim subjects travelled on Indian passports which described them, at the Chogyal's insistence, as "India protected," but even this term was deeply resented.)

The demand was for instant and complete withdrawal of Indian troops. "We have no hostility with China and no historical background of animosity. We are safer without the Indian army. China won't invade Sikkim." His thesis was that India and Sikkim could draw closer emotionally if there were no institutional compulsions. "India is our nearest neighbour and eldest brother. . .we want to strengthen relations on an equal basis."

Kaiser Bahadur Thapa also returned to the attack with an editorial which, after pointing out that conditions had changed since 1950, announced that "as is the present-day trend today, we shall not be satisfied with anything less than the revision of the present treaty and a complete independent status to be tied up in eternal bonds of friendship through mutual agreements and defence treaty." The editor of Sikkim was punished by being kept waiting for a passport to attend a conference of journalists in Hong Kong.

There were other such irritants and petty harassments that did much to offend and alienate the Sikkimese still further. Ashoke Tsering was not allowed to go to a World Buddhist Council meeting in Bangkok, and Sanu Sakya, a prominent silversmith in Gangtok, was prevented from being present at the opening of the World Crafts Council in Lima. India was paranoically suspicious of the most inoffensive Sikkimese presence abroad. When the Asia Society in New York, a private foundation to promote academic and cultural relations, planned to create a Sikkim council in line with its units for other countries, the Indian embassy took such umbrage that Washington persuaded the society to abandon the idea. In short. New Delhi's policy became more and more obstructive. Permits for foreign visitors to Sikkim involved interminable complications, and even legitimate obligations were avoided. Though India had agreed to equip the Sikkim police with weapons and wireless equipment, delivery was repeatedly delayed until the Chogyal took the matter up with Morarji Desai, whereupon a meagre consignment of 10 rifles and 60 helmets was belatedly sent to Gangtok. Contd....

# Childhood vs Old Age

The best age is the magnificent Childhood,
Abundance of love & no place for falsehood.

Feeling Carefree like a hummingbird ,
Being so safe and secure confirmed.

Parents feed & sing lull-a-by at night.
Raise us with loving care, feel dignified.

Taught us how to walk by holding hands,
Treat our wounds with a smile, grand.

Taught us the value of being responsible,
Pampering and clapping even if it's impossible.

When we grow old returns the cycle,
Body gets feeble, we shake & tremble.

We become forgetful and take many fractures,
Positivity fades and the dependency occurs.

Old age doesn't have to be this way,
A little exercise and a healthy diet I say.

Yoga, meditation and learn to detach,
Create friendship, share joy and patch.


Make new friends and hold on to the old,
Share your time gleefully & keep them .



**Madhu Khare**
**Virginia, America**

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# भारतका कारण समस्यै समस्या



डा. शास्त्रदत्त पन्त

रासायनिक मल, सिमेन्ट, पौष्टिकआहार, दाना, रिल, भटमासको तेल, फलाम, कोइला, केमिकल, हेक्सिन आयल, जिङ्क, नुन, टायर, काष्टिक सोडा, कपास, रङ्ग, तारको वण्डल, जुत्ताको फित्ता, रवर, नरिवलको तेल, राइस मिल जस्ता सामान भारतीय प्रहरी र भन्सार गस्ती क्षेत्रका मानिशले घुस खाएर चोरीबाट आउन दिइएको थियो । त्यसले नेपालको राजस्व घाटा पारिएको थियो । धेरै भारतीयले नेपालमा चोरी व्यापार गरेर ठूलो घनराशी कमाएका थिए ।

भारतीय नियतको कुरा गर्दा एउटा रमाईलो कुरा के पाइयो भने नभए पनि हुने बस्तु जस्तै कस्मेटिक सामान, उच्चकोटीको साडी र कपडाहरू, खेलौना जस्ता बस्तुको यति धेरै आयात भयो कि त्यसको वजारभाउनै घटेर गएको थियो । तर आवश्यक वस्तु जस्तै औषधी, बालआहार, कोरा कपडा र उद्योगका लागि चाहिने कच्चा पदार्थ चरप्पै वन्द गरिएको थिए ।

अन्तर्राष्ट्रिय सम्झौता, कानुन, तथा प्रचलनले पनि सबै देशले पारवहन सुविधा पाउनु पर्दछ । के उपभोग गर्ने के नगर्ने नेपालको अधिकार हो । सो अनुसार आवस्यक व्यवस्था मिलाई दिनु भारतको कर्तव्य हो । वास्तवमा भारतले नेपाललाई अपठ्यारोमा पारेर, कटुता थपेकोथियो । यस्तो प्रवृत्तिले कुनै पक्षलाई पनि कोल दिदैन ।

१७. भंन्सार कर दरमा पनि भेदभाव रहीत जनपक्षीय सोचमा हुनु पर्दछ । भारतले चर्को भन्सार लगाउने गरेबाट नेपालको निर्यात असंभव प्राय बन्दै गएको छ । फलत नेपाललाई विकल्प बजारको खोजी नितान्त खाँचो भएको थियो, छ । नेपालले भारतका ब्यापारी माध्यम भएर गरिएको विश्व बजार अब आफैले गर्नँ पर्दछ ।

पारवहनको हैरानी

आजको नेपाल भारतको ठूलो अर्थतन्त्रको सेपमा टाक्सिएको हो भन्ने केही बिज्ञको बिचार सही होइन । सानो देश पनि ठूलो भन्दा सम्पन्न हुन सक्छ । त्यो त तयस देशको प्राकृतिक श्रोत र जनताको जाँगर र शिप र व्यवस्थापकीय कुरामा निर्भर हुन्छ । अरब मुलुकहरूमा पर्याप्त पेट्रोलियम श्रोत भएर पनि ती मुलुकले सर्बाङ्गिण उन्नति गर्न सकेका छैनन् । जापानमा केही पनि श्रोत साधन नभएर पनि त्यस मुलुकका जनतामा जाँगर छ, प्रविधि छ र व्यवस्थापकीय शिपछ, त्यसैले भारत र चीन जस्ता ठूला देशलाई पनि उछिन्न सकेकोछ । नेपाल भन्दा सानो इजरायलले शयौ. देशलाई उछिनेर बस्न सक्छ भने त्यो भन्दा बढि श्रोतसाधन भएको नेपालले किन नसक्ने ? नेपालीमा जाँगर नभएको पनि हैन, स्थानीय मौलिक सिप र प्रविधि नभएको पनि हैन । बास्तबमा यो मुलुक ठूलो कुनियतको सिकारको जालोमा थुनिएको मात्र हो । लुटेरा मुसाई र षडयन्त्रकारी इशाईले भारतमा कब्जा जमाएपछि त्यस्को नकारात्मक छुत संस्कार नेपालमा सरेको हो । अग्रेजले भारत छोडेपछि पनि भारतीयमा छिमेकी सताउने संसकार निरनतर कायम छ । साढे सात दशक पारगरिसक्ता पनि भारतमा अग्रेजको संसकार ज्यौका त्यौ. छ । नालन्द बिक्रमशिलाजस्ता विश्वविद्यालयलाई त्यहि रूपमा पुनर्स्थपन गर्न सकेको छैन । संस्कृतलाई माध्यम भाषा बनाउन सकेको छैन । आयुर्वेदलाई एलोप्याथी उछिन्ने विद्या कायम गर्न सकेको छैन । केवल पश्चिमी भौतिक उपभोक्ताबादी कुसंस्कारको दौडमा उभिएको छ, नबुझि नबुझिकन । छिमेकी सताउने तथा फुटाउने र हत्याउने अग्रेजी मान्यता अनुसार आजसम्म नेपाललाई कोलकत्ता वन्दरगाहबाट मात्र पारबहनको सुविधा उपलब्ध छ । नेपाल भूपरिबेष्टित देश मात्र नभएर भारतीय राजनीति, भ्रष्टाचार, लालफित्ताशाही, वन्द हडताल जस्ता अनेकखाले पीडाबाट पिल्सिएको छ, नेपालको समुचा अर्थ व्यवस्था । सरकारी स्वामित्वको कोलकत्ता वन्दरगाहमा अनेक खाले प्रकृयागत झन्झट छन् । यो एउटामात्र वन्दरगाह प्रयोग गर्दा नेपाली व्यवसायीले धेरै प्रकारका समस्या भोग्दै आएकाछन् । अनेक कुनियती मारमा परेका नेपाली ब्यापारी उद्योगीले बिकल्प खोजेको लामो समय भईसक्यो । बल्लतल्ल वंगलादेशको मंगलापोर्टको सुबिधा पाएको थियो तर त्यहाँ पुग्न पनि १३ कि.मी. भारतको भूभाग हुँदै जानुपर्दछ । त्यही अर्को समस्या बनेको छ । बंगलादेशले खुला दिलले सहयोग गर्ने वचन दिएर ब्यबहारमा लागू गरे पनि नेपाल बंगलादेश बीचको १३ कि.मी. दुरी रहेको भारत फेरि पनि घाटीमा अड्केको हाड भएको छ । नेपाली व्यापारीले सधैजसो घाटी देखाउन यताउता अस्पताल दौड्नु पर्दछ । नेपाली व्यापारी, उद्योगपति र यातायात व्यवसायीले आजपनि निरन्तर विकल्पको खोज गरिरहेका छन् । चिनसित बन्दरगाहको माग पनि यही छटपटाहटको उपज हो । नेपालबाट ब्यापारगर्ने धेरै भारतीय नै भएकाले एनकेन काम भएको छ । शुद्ध नेपालीले त्यो गर्न नै सक्तैनन् । यो झंझटले परोक्ष रूपमा नेपालको उत्पादनलाई व्यापारीकरण गर्ने र नेपालको आधारभूत बस्तुको परिपुर्ति गर्ने काम पनि भारतीय मूलले मात्र गर्न सक्ने वातावरण बनाइउको छ । शुद्ध नेपालीको उद्योग र ब्यपार प्राय असफल नै छ ।

भारतले नेपालका उद्योगपति र ब्यापारीलाई सद्व्यवहार मात्रै गरिदिए पुग्ने कुरामा पनि भारत अनुदार रहिआएको छ । बढी खर्चलाग्ने र लामो भिजकापट्टम बन्दरगाह प्रयोग गर्न दिएता पनि कलकत्ताभन्दा कुनै फरक छैन । हडताल बन्दको बिकल्प सम्म हुन सक्छ । भिन्न सोच रहेको, भिन्न जात संस्कार र स्वभाव भएको भारतको अर्को प्रान्त आन्ध्रप्रदेशमा पर्ने यो बन्दरगाहको उपयोग गर्ने नेपालको आशयलाई भारतले स्वीकृति दिए पनि अनेक जाल तेर्स्याएको छ । त्यो वन्दरगाह प्रयोग गर्न भारतले कन्टेनरमा थप अतिरिक्त ताला लगाउने सर्त अगि सारेको छ । सामान नेपाली बाहनले ढुवानी गर्न नपाउने अर्को सर्त छ । सार्वभौमसत्तामाथि नै अतिक्रमण भए पनि नेपालले सो मन्जुर गऱ्यो । तैपनि त्यो बन्दरगाह प्रचलनमा आउन सकेको छैन । नेपालका उद्योग पति भनिने एक नम्बरमा भारतीय मलटीनेशनलका मालिक हुन्, दुइ नम्बरमामा भारतीय मूलकाले नेपाली नागरिकता लिएका नेपाली हुन् । खास नेपाली ब्यापारी भनेका नेवार र थकाली यी दुबैबाट थिचिईसकेका छन् ।

३.भूपरिवेष्ठित देश नेपालीको ब्यापार जसरी भारतीय कोलमा पेलिई रहेको छ, विश्वका कुनै अन्य भूपरिवेष्ठित मुलुक त्यस्तो शोषणमा परेका छैनन् । नेपालका व्यापारिक वस्तु नेपाली मालबाहक साधनले वोक्न पाएका छैनन् । नेपालले आफ्नो मात्र सामान ढुवानी गर्ने (गुड्स ट्रेन) मालगाडी पनि चलाउन पाएको छैन । नेपालमा सामान वोक्ने भनिएका कन्टेनर पनि भारतीय नागरिकका मात्र हुन्छन् । तिनलाई पनि सहजरूपमा चलाउन नेपालले पाएको छैन । एक तर्फि रूपमा भारतले अतिरिक्त ताला (लक) लगाउने गर्छ ।

नेपालले भिजाकापट्टम वन्दरगाह मागे पछि, भारतले यस्तो लक लगाउने प्रस्ताव गरेको हो । त्यो कलकत्ता वन्दरगाह (जो आज सम्म नेपाले प्रयोग गरिरहेको छ) वाट ढुवानी गर्ने सामानमा पनि त्यसै गर्ने अडान राखेर थप झंझट र सास्ती थप्ने प्रस्ताव गरेको छ । लक लगाएपछि भारतले जहिले पनि जहा पनि सामान खोलेर हेर्न सक्दछ । एउटा स्वतन्त्रदेश नेपाले जे सुकै सामान ल्याउन सक्दछ, त्यसलाई भारतले खोलेर हेर्न हुदैन । यो नेपाल भारतको वाणिज्य सन्धिको प्रतिकूल छ । सन्धि अनुसार कुनै पनि मुलुकले लक लगाउन पाइदैन ।

भारतका कर्मचारी भ्रष्टछन्, मानसिकता ईशाइयतको छ । एउटा प्रान्तकाले अर्को प्रान्तकालाई विश्वास गर्दैन, त्यसैले जाहा पनि खोल्न पाउने अमिल्दो उग्र तानसाही र उग्र सामन्तबादी प्रस्ताव गरेको छ । यस्ले बिलम्ब हुन्छ र बस्तु महंगो पनि हुन्छ । नेपालले आफ्नो सुरक्षाका लागि भारतले लगाउने अतिरिक्त करमा आपत्ति गर्नु पर्ने ठान्दैन । तर यसलाई सार्वभौमिकतासंग जोड्न मिल्दैन । अतिरिक्त ताला लगाउँदा भारतका विभिन्न ठाउमा जाच गर्ने व्यवस्था घट्छ र त्यसले नेपाली व्यवसायीलाई राहत मिल्दछ; तर नेपालको माग के हो भने बन्दरगाहमा ताला लगाउः र नेपाल प्रवेश गर्ने स्थलमा फेरि जाँच, बिचबिचमा हैरान नगर भन्ने मात्र हो । कोलकत्तामा झैं भिजका पट्टममा विलम्व शुल्क लाग्दैन, दुरी पनि त्यति धेरै वढी छैन, करिव २०० कि.मी. मात्र बढि छ त्यो बढी दुरी त्यहाँबाट पश्चिमी मुलुकको व्यापारमा पानी जहाज भाडा कम पर्दछ र त्यसले सरदर मिल्दछ भन्ने तर्क नेपालको हो ।

अहिले नेपालले सामान छुटाउन कोलकाता वन्दरगाहमा ३३ झंझटिला प्रकृया पुरा गर्नुपर्दछ । नेपालले भिसाकापट्टम वन्दरगाह मागेको हो । त्याहा केवल ११ वटा झंझटिला प्रकृया पुरा गरे पुग्छ । भिसाखापट्टम बन्दरगाह सार्वजनिक निजी साझेदारीमा चलेको छ । कोलकत्ता सरकारी छ । कोलकत्ता वन्दरगाह वगेको माटोले भरिएर ठूलो जहाज आउन नसक्ने पनि भएको छ । त्यसले गर्दा ढुवानी भाडा वढी लाग्दछ र समय पनि धेरै लाग्छ । भिसाखापट्टममा ड्यामरेज शुल्क पनि लाग्दैन । युरोप अमेरिकालाई कोलकत्ता अपायक पनि छ । भिसाखापट्टम नेपालबाट त्यति टाढा छैन । बीरगंजबाट मुम्बै ११०० कि.मी. छ भने भिसाखापट्टम १३०० कि.मी.छ ।

# सरकार अपराधिकरण भएकै हो ?



सुरेशकुमार पाण्डे

अपराधी, भ्रष्टाचारी, कालो बजारी, गुण्डा, बलात्कारी, तस्कर आदी सबैको सरकारलाई कति धेरै चिन्ता छ । मानिदेउँ यदि यस्तै चिन्ता देशभक्तको हुनेथ्यो, देशको हुन्थ्यो,देशका लागि बलिदान दिएका सहीद र उन्को परिवारको हुन्थ्यो भने हाम्रो देश कस्तो हुंदोहोला ?

जसले खुलेआम अपराध गरेको छ, देशको झण्डा पोलेको छ, सम्विधानलाई आगो लगाएको छ ।चेलिबेटीको बलात्कार गरेर हत्या गरेको छ । उनैलाई सरकारे लगातार आम माफि दिएर संसारकै रिकाड तोड्यो । यो सरकारले कस्तो व्यक्तिलाई आम माफि दिन सिफारिस गर्नुपर्छ भन्ने हेक्का नै छैन् वा सरकार अपराधीको हातको खेलौना बनेको छ । यसले के कस्तो संदेश जान्छ? यसबारेमा कसैलाई भन्नुपर्दैन होला जगजाहेर नै छ । देशका जनताले साढे छे दशक सम्म लगातार बलिदानी पूर्ण शङ्घर्ष गरेर देश गणतन्त्रमा पुग्यो । तर आम सर्वसाधारणले के बुझ्न थाल्यो भने गणतन्त्र त मात्र अपराधी, भ्रष्टाचारी, तस्कर, कालोबजारी गर्ने, बलात्कार गर्ने र उन्को हत्या गर्नेहरूको लागी पो रहेछ । राष्ट्रियता र राष्ट्रिय भक्त वा क्रान्तिकारीहरूको लागी त यही गणतन्त्रपनि दुश्मन बन्यो । यस्तो अबस्थामा आम नागरिकले यो भन्दा पहिलेकै तानाशाही व्यबस्था ठिक थियो । भन्न थालिसकेकाछन् । कुल तिन करोड जनसंख्या भएको देशमा आठवटा राजा, आठ सभामुख, आठ उप सभामुख, एक सय तिसजना मन्त्री, आठ सय चौरासी सांसद पाल्न बाध्य भएका छौं ।

देशमा आयश्रोत केही छ भने त्यो हो कर, रेमिटेन्सी, अरू कुनै आयाश्रोत छैन् । एकजना नेपाली जन्मिदा बित्तीकै असी हजार ऋण बोक्नुपर्छ । बिना कारण देश ऋणमा चुर्लुम्मै डुबेको छ । बिकासको नाममा बिदेशीहरू संग हात जोडेर धन कमल्याउंने मन्त्रीहरूको मनस्थिती बनेको छ । देशभित्र बिकासका वा जिवन यापनका श्रोत साधनहरू प्रचुरमात्रामा छन् तर बिदेशीहरूको इसारामा देशको बिकास भन्दा देशलाई छिमेकीको मण्डि बनाएर मन्त्रीहरूले कमिसन खाने गर्दछन् । सङ्क्रियता त्यसैको नतिजा हो । एउटा गरिब देशले झिना मसिना बिकासको व्यबस्था गरेर युवाहरूलाई बिदेश पठाएर देशलाई युवाबिहिन बनाएका छन् ।

अहिले इजराल र प्यालेस्टाइनको लडाइले उग्ररूप लिएको छ । त्यहाँ रहनुभएका केही नेपालीहरू मध्य दश जनाले ज्यान गुमाइ सकेकाछन् भने कयौं घाइते भएकाछन् । आक्रमणमा परि घाइते हुनुभएको समाचार दिनौं आइरहेको छ । हालै कृषी सम्बन्धी अध्यानगर्न भनी 'लर्न एण्ड अर्न' कार्यक्रम अन्तर्गत तिन विश्वविद्यालयको २६५जना विद्यार्थीहरू इजराईल पुगेका थिए जस्मा सूदुर पश्चिम विश्वविद्यालयका ४९जना थिए । उनै मध्यका १७ जना बसेको बंकर माथी हमास समूहका बिद्रोहीहरूले आक्रमण गर्दा उनि दशजना विध्यार्थीले ज्यान गुमाएकाछन् । त्यो देखेरपनि इजराइल पुगेका युवाहरूमा खौफ सिर्जित भएको छ । सन्त्रास बनेको छ ।

त्यहाँ रहनुभएका सबै नेपालीहरू कसरी सुरक्षित रहन सकिन्छ भन्ने उपाय सरकारले अबिलम्वन खोज्नुपर्दछ । मानिस मरिसकेपछि दिने अनुदान वा आश्वासनको कुनै महत्व हुँदैन । बरू समय छँदै अन्य देशहरूमा पुगेका युवाहरूमा पनि यस्तो आइपरेको समस्याबाट कसरी जोगाउँने भन्नेबारे सरकार सचेत रहनुपर्दछ ।

बिभिन्न देशभित्र रोजगारीका लागि पुगेका नेपालीहरू त्यँहाको स्थानिय समस्याहरूमा परेर अकालमा मारिएका हुन्छन् । विसं २०६१ मा जोर्डन हुँदै इराकमा पुगेका १२ जना नेपालीहरूले ज्यान गुमाएका थिए । आतङ्वादी समुह सुन्निले भदौ १५गते राती हत्यागरेको थियो । साँचैभन्दा सधैभरी हाम्रो देशका श्रमजिविहरूको अन्य देशका श्रमजिविहरूको भान्दा अतिरिक्त समस्य हुन्छन् । पहिलो श्रमजिवि दोस्रो प्रवाशी श्रमजिविहरूको समस्या । आम श्रमजिविको भन्दा प्रवाशमा बसेका नेपालीहरूको अतिरिक्त समस्य बढी हुनेगर्छन् । जुन देशमा त्यहाँको स्थानिय आतङ्कवादीहरूको सिकार पनि हामि नेपालीहरू नै हुँनुपर्दछ । हाम्रो देशभित्र रोजगार उपलब्द नहुँनु र सरकारले बिभिन्न देश सँग श्रम सम्झौता गरेर नेपाली युवाहरूलाई बिदेशमा रोजगारीकालागि पठाउने व्यबहारले गर्दा युवाहरू अर्को देशमा अपहेलित मात्र हुँदैनन् । त्यो देशको मजदुर श्रमजिविहरूको आँखाको कसिङ्गर समेत बन्न पुग्छन् । नेपालीहरू आर्काको देशमा गएर त्यहाँको धनी साहु महाजन वा कम्पनीहरूमा उनिहरूले तोकेको ज्यालामा उनिहरूले तोकेको काम गर्न बाध्य हुन्छन् । त्यसले गर्दापनि स्थानिय श्रमजिविहरूको दृष्टिमा नेपाली मज्दुर वा श्रमजिविहरू बर्गिय मित्र हुँनुको सट्टा दुश्मन जस्तै हुनपुग्छन् । आसामको मेघालयबाट सन १९८६मा नेपाली श्रमजिविहरूलाई अत्यन्तै अमानविय अत्याचार गरेर मेघालयबाट खेदिएको थियो । आसमको बोडो आतङ्कवादीहरूले नेपालीहरूलाई आसाम छाड्ने कयौं पटक अल्टिमेटन् समेत दिएका थिए । आर्काको देशभित्र नागरिकको दयानिय अबस्था छ । तर सरकारलाई उनिहरूको चित्कार सुन्ने फुर्सत नै छैन् । एकातिर नेपालको दर्दनाक अबस्था अर्को तिर वेरोजगार युवाहरूलाई बिदेश पठाउंने नाउमा मैनपावरको लुट र दोहोरो चरित्रले गर्दा उनिहरूले पठाएका कामदारहरू अशुरक्षित हुंनु, समयमा काम नपाउंनु पाएपनि जुनकाम भनेर पठाएको हो त्यो काम र समय नपाउंनु आदि मैनपावरहरूले गरेको बद्मासी हो । जसलाई सरकारले पत्ता लगाएरकार्वाही गर्नुको साटो अपराधीहरूलाई आम माफी दिंदै आएका छन् ।

अहिलेको सरकारको योजना जसरी भएपनि बिदेशीले पठाएको सङ्क्रियतालाई सहि साबित गर्न सरकारले लगाएको जोडले यही बताएको छ । देशमा कर्मचारीलाई दिने तलब छैन्, कहिले मास्टरहरूको हड्ताल हुन्छ,कहिले डाक्टरहरूको हड्ताल हुन्छ । तर सरकारले उनिहरूलाई छक्काउँदै हड्याललाई दमन गर्दै आएको जगजाहेर छ । ।अहिलेको यो अपबित्र गठबन्धनको सरकारका राम्रो कार्य एउटापनि गरेको छैन् । बरू अहिले सम्मकै नराम्रा कृयाकलापहरू यही सरकारले गर्दै आएको देखिन्छ ।

सरकारले गरेको राष्ट्रघाती सम्झौताहरू एमसीसी,र नागरिकता बिधेयकहरू सबैको सामुछन् । त्यस बाहेक यो सरकारले अपराधीहरूलाई दिएको आम माफीको लामो लिष्ट छ । अहिले धेरैजसोले यो सरकारको अपराधी, तस्कर गुण्डाहरू सँगको गठबन्धन त छैन् भनेर सङ्का जाहिर गर्दै आएका छन् । खुलेआम हत्या गरेका हत्याराहरूले आम माफि पाएपछि देशैभरिका सर्वसाधारण नागरिकहरूमा एकप्रकारको डर त्रास छाएको देखिन्छ । खुद देशका प्रधानमन्त्री जस्तो सिटमा बसेकाले आफुले पाँच हजार मानिस मारेका भन्छन् । कहिले प्रधानमन्त्री बन्न आफुलाई भारतले सहयोग गरेको स्विकार गर्छन् । यो अपराधीकरण नभए के हो ?

# शंकर मधैया

## भन्नुहुन्छ–



राजसंस्था कमजोर हुना साथ राष्ट्रियता पनि कमजोर हुँदै जानेछ । तेस्रो विश्वयुद्ध नेपालबाट शुरू हुनेछ, सन् २०२५ सम्म मात्र विश्वको आयु रहनेछ भन्ने दर्शन छोडेर जानु हुने भविष्य द्रष्टा मञ्जुर वर्ल्डले छोडेर जानु भएका महान विचारहरूलाई बोक्दै आईरहेको छु । शहीद धर्मभक्त माथेमा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै जेष्ठ २७ बाट आश्विन २७ सम्म ४ महिना शान्तिपूर्ण सत्याग्रहपछि विज्ञप्ती जारी गरेको छु–

३० वर्षिय पञ्चायती व्यवस्था फ्याक्न एकजुट भएका दलहरू त्यस पछि के गर्ने भन्ने विषयमा चुक्न गएका छन् । प्रजातन्त्रको कुरा मात्र गरेर दलहरूले ३४ वर्ष सित्तैमा विताए, सम्झना योग्य ठोस कार्यहरू र दीर्घकालीन सोच विचार, नीति केही पनि योजना अघि सारेर वहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई आशावादी बनाउन सकेनन् ।

देशमा यस्तो प्रतिकुल अवस्था आएपछि ढुंगा पनि बोल्छ । जनता सडकमै आएर पूर्वराजा ज्ञानेन्द्र एक मात्र नेपाली नागरिकहरूको पालनहार रहेको भन्दै राजा पुकारी रहेका छन् ।

दलहरू प्रतिको वितृष्णाले राजा आउ देश बचाउ भनि रहेका छन् । यथार्थ रूपमा भन्ने हो भने सार्वभौम जनता आउ, देश बचाउको नीति अख्तियार गर्नुपर्ने हो तर भरपर्दो नेता र नेतृत्व नभएकोले राजाको तर्फ आशाको त्यान्द्रो रहेकोले त्यस तर्फ केन्द्रित छ । प्रजातन्त्रको कुरूप प्रदर्शन ३३ वर्षमा २७ जना प्र.म. बन्नु राजनीतिक अस्थिरताको नमुना हो । हाल अल्पमताको सरकार छ, कुन बाध्यता र कुन परिस्थितीले हो, नेपाली जनतालाई थाहा छैन ।

यो दुरावस्थामा पूर्व राजा ज्ञानेन्द्रबाट "म नेतृत्व लिन पनि तयार छु, नेतृत्व दिन पनि तयार छु" भन्नु उदारता हो । देशप्रतिको जिम्मेवारीवोध हो ।

नेपाली जनतालाई न्याय दिन सक्ने एकमात्र अभिभावकीय संस्था "राजसंस्था" को प्रतिनिधि राजाकोमा हामी अभियन्ताहरू विन्ति बिसाउन आएका छौं । अन्यायमा बस्न बाध्य होईबक्सेका राजा ज्ञानेन्द्रको निबासको सडकमै न्यायको प्रतिक्षा गर्ने भएका छौं ! अहिले राजालाई पाखा लगाएर दलहरू तानाशाही शासन चलाई रहेका छन जुन दुर्भाग्यपूर्ण छ ।

एककार्यक्रममा मोहनराज शाक्य, विष्णु सिंह डंगोलले २००७ साल देखि आजसम्म नेवारहरूलाई अचानो मात्र बनाई राखेको छ, हामी नेवाःहरूले के पायौं । हाम्रै चेलीवेटीसंग विहे गर्ने अनि हाम्रै संस्कार र संस्कृतिलाई मास्ने कार्य भईरहेको छ । हाम्रो पहिचान मेटाउने कार्यहरू भईराखेकोले हामीलाई अहिलेको राजनीतिक गतिविधी स्वीकार्य छैन, हामी यसमा पूर्ण विराम लगाउँछौं भन्नु भयो ।

दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित
गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: ९७५४
फोनः +९७७-१-४२५५४७४, ४२५४७१७, ४२५५६४९
फ्याक्सः +९७७-१-४२५५२५०
इमेलः ntra@nta.gov.np, वेबसाइटः www.nta.gov.np




# अब मंसिर ७ गते

राष्ट्र बचाउने विषयलाई पनि चाडपर्वले छेक्ने ? चाडपर्व पहिला सक्नुपर्ने । करीव तीनवर्ष पहिले कोरोना महामार थियो । त्यो समय कसैलाई दशैं, तिहार, छठ मनाउनु नपर्ने । सबैजना घरघरमा नजरबन्द थिए । त्यतिबेला सबैलाई ज्यानको कुरा थियो । यतिबेला राष्ट्रको अस्तित्वको कुरा छ । नेपालीत्व संरक्षण गर्ने कुरा छ , यसबेला झन अन्य केही नहेरी सिंहदरवार कब्जा गर्ष्रेरबसेका महाफटाहहरूर्ला त्यहाँबाट घिसारेर तिनका काला कर्तुतका लागि सजया दिनैपर्ने बेला छ । हामीचाहिं चाडपर्व सकेर अघि बढ्ने सोचमा छौं । कसरी हुन्छ यस्तो चालाले ? चाडपर्व त अर्को साल पनि आउँछ । देशै रहेन भने केको चाडपर्व ? अनेक ज्योतिष र राजनीति गर्नेहरू भन्छन्- मंसिर कट्दैन, यो व्यवस्था चल्दैन । न त स्वनामधन्य राष्ट्रसेवक अघि सरे, न सुरक्षा निकाय । केही मौसमी आन्दोलनकारी भन्छन्- मंसिर ७ गते कट्दैन ।

त्यसो त केही चर्चित आन्दोलनकारीले पूर्वराजालाई मेचीतिर लगेर आन्दोलनको आँधीबेहरी ल्याउने घोषणा गरेका थिए । ती प्रसाई अहिले एमाले र महेश बस्नेतसँग जुहारी खेलेर बसेका छन् ।  अर्थात् हात्ती आयो, हात्ती आयो फुस्सा भयो । यस्ता क्रियाकलापबाट परिवर्तन चाहने आमनागरिकमा निराशा छाएको छ । राष्ट्रघातीहरू कमजोर भएका छन् । सबै पुराना पार्टी मिलेर देखाइदिने भन्न थालेका छन् । हो, यहीकारण भ्रष्ट शासक प्रशासकहरूको राइँदाइँ झन बढेर जाँदो छ । यी शक्तिशाली हुँदै गएका छन् । विद्रोह गर्नेबेलामा चाडपर्व मान्न थालेपछि तातेको असन्तोष सेलाउँदै गएको छ । मंसिर ७ को गफ पनि गफमा नै सिमित हुनेवाला देखिन्छ ।

राष्ट्रघात र जनघातका अनेक घटनाक्रम छन् । गर्नुपर्ने राष्ट्रवादीहरूको विद्रोहले हो, त्यो विद्रोह मौसमी बनेपछि लुटाहरूले लुटिरहन पाउने छन् । दशैं मासु र रक्सी खाएर बित्यो, तिहार मिठाई खाएर गुलियोमा भुलिनेछ । छठ आउँछ, सूर्यनारायणको आराधना गरेर सकिनेछ । राष्ट्र जहाँको तहीँ रहिरहनेछ । लुट्ने लुटिरहनेछन् । उता राष्ट्रघातीहरू आआफना पापहरू छोपछाप पार्न एकजुट भइसके । द्वन्द्वकालका युद्ध अपराधलाई पुछपाछ पार्ने काम अघि बढिसक्यो । प्रम प्रचण्ड र एमाले अध्यक्षको भेट त्यसैका लागि हो । एउटा ऐन बनाउँछन्, आफ्नाको बाहुल्यता रहेको संसदबाट पास गराउँछन्, कुरा सकिन्छ । आमनेपाली कुन नेताको कुन देशमा के कति लगानी रहेको छ, कुन देशमा सम्पत्ति थुपारेका छन् भनेर हल्लाखल्ला सुनेर चूप लाग्छन् । देउवा र आरजुको कोठाभरि नोटका बोरा छन् भनेको सुन्छन् र सुत्छन् । एकथरि यी नेता र तिनका कार्यकर्तामा फाटो नआएसम्म परिवर्तन असम्भव भनिरहेका छन् ।

त्यसो त पार्टीका कार्यकर्तालाई पनि थाहा छ, आफ्ना नेताको काला कर्तुतहरू । तर तिनीहरू विरोध गगर्नसक्दैनन् । किनभने तिनको भात भान्सा तिनै नेताजीहरूबाछ चलेको छ । त्यसकारण ती नेपालीहरले भ्रष्टाचारबाट आर्जन गरेको अकूत सम्पत्तिलाई कब्जा गर्नसक्नुपर्छ, त्यसपछि ती नेताहरू आफ्ना कार्यकर्ताहरूलाई कुनै पनि प्रकारको सहयोग गर्न नसक्नेभएपछि मात्र ती सडकमा निस्कन्छन् । पैसा, पद, प्रभाव अर्थात प्रशासन, पुलिस, न्यायालय सबै उनीहरूको कब्जामा भइसकेपछि भ्रष्टहरूको बोलबाला हुनेनै भयो । सप्रमाण फेला परेका काण्डहरू ।बहिर आउँदा पनि आमनागरिकले बिद्रोह गर्न नसक्ने मुलुकमा कसले के लछारपाटो लगाउला र ? असन्तुष्टलाई फकाउन पनि माहिर छन् यी भ्रष्टहरू । अलिकति आन्दोलन चर्कनासाथ उधारो सहमतिमा जुटिहाल्छन् । पछिल्लो समय सडकमा उत्रिएका शिक्षक, डाक्टर वा अन्यको कुरा गरौं, पछि कानुन बनाएर माग पूरा गर्छौं भनेर शान्त पारिदिए । जबसम्म यस्ता भ्रष्टहरूको विश्वासमा परिन्छ, तवसम्म नेपालमा कुनै प्रकारको आन्दोलन सफल हुनसक्नेछैन । समष्टिमा भन्नुपर्दा  अब परिवर्तन गर्छौं, राष्ट्रलाई यी दलालहरूको चंगुलबाट मुक्त पार्छौं भन्नेहअरूले ठोस योजना बनाउन पर्छ, त्यसपछि दशैं, तिहार, छठ, हिउँद, वर्षा, झरी नभनीकन कार्यक्रम दिइरहनुपर्छ । चाडपर्व वा जात्राले रोकिने आन्दोलन कहिले पनि सफल हुनसक्दैन । मंसिर ७ मा ठूलै परिवर्तन हुन्छ भनेर जुन हल्लाखल्ला भइरहेको छ, त्यो हल्लालाई कसरी विश्वास गर्ने ?

परिवर्तन चाहने हो भने विद्रोहको विकल्प छैन । विद्रोह भनेको मौसमी हुँदैन, बिद्रोह माग पूरा नभएसम्म जारी रहनुपर्छ । बिद्रोह आन्दोलनको निरन्तरता हो ।

**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

**सामाजिक सञ्जालमाः**

- **जातीय, धार्मिक या साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,**
- **राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,**
- **कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,**
- **जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,**
- **शान्तिसुरक्षामा खलल पुग्ने,**
- **प्रचलित कानुनले रोक लगाएका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने,**
- **जनमानसमा भ्रम सिर्जना गर्ने,**

**जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन । त्यस्ता कार्य कानुनतः दण्डनीय हुन्छन् ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# संस्कृतिमय होस् तिहार

आजकल चाडले पनि सम्बृद्धिमा फड्को मारीसकेछ । लुतो फाल्ने साउने सक्रान्ती, रोपाईं सकेर खेतका डिलमा पूजा गर्ने हरेलोले हरियाली सावनको स्वरूप धारण गरेछ । रक्षाबन्धनमा घरका ज्वाईंचेला, भान्जा, फुपाजु अथवा माननिय ब्यक्तिले मन्दिरमा धागो र जनै मन्त्रोच्चारण सहित पुजेर ल्याएपछि बांधिने चलन आजकल राखिको नामले प्रसिद्धि पाएको रहेछ । राखी मेरे भैयाकी रक्षा करेगी हुन पुगेछ । बहनकी हाथोंसे लगाई गई राखीका किमत होता है जीवनभर भाइ बहनकी रक्षा करनेका वादा ।रक्षाबन्धन अर्थात् जनैपूर्णिमाका बारे भविष्यमा इतिहासमा पढ्न पाइएला । आशा राखौं । तीजले चोला फेरेर क्वालिटी तथा क्वान्टिटी बढाए पनि धन्न बिदेशिएको छैन अर्थात् आक्रमणमा परेको छैन । दशैंले आफ्नो यथास्थान कायम राखेकै छ ।बैदेशिक हस्तक्षेपले यसलाई सम्बृद्ध बनाउन सकेको छैन । हरिबाट ह्यारी हुन मानेको छैन । ऊ भक्त छ । देशको संस्कृतिलाई आफ्नो धरोहर मानेको छ । उसले त बिदेशमा समेत कब्जा गर्ने जमर्को गर्दैछ । दशैंलाई भने भंडुवाहरूले भांड्न सकेका छैनन् ।

दशैं लगत्तै यमपन्चक, तिहारले छोपिसकेको छ । तिहार, भाईटिकाबाट दिपावली भैसकेको छ । तैपनि भाइटिकाको परम्परालाई लछार्न सकेको छैन । तिहारलाई दिपावलीको रूपमा मनाउने त राम्रो कुरा थियो तर पटाखाहरूको बढ्दो प्रयोगले कतिपय नराम्रा घटनाहरू घट्दा सधैंभरीलाई चाड प्रति नकारात्मक धारणा बढ्छ । हाम्रा मौलिक चाडलाई पटाखाको आततायी स्वरमा बिथोल्न भारतिय बिष्फोटक सामानहरू नभित्रयाईदिए अति जाती हुने थियो ।

मखमली, सयपत्रीको स्वभायमान आगमनसंगै दिदीभाईको मधुर र अटुट मायालाई जीवन्त राख्ने हाम्रो संस्कृति गौरव गर्न लायक छ । तिहार अर्थात यमपन्चकको बिषयमा नेपालीमा फरक फरक तर रसिला र रोचक कथाहरू सुन्न पाईन्छ । तिहारको पहिलो दिन हाम्रो धर्म र चलन अनुसार कागको पूजा गरि मिठामिठा खानेकुरा खुवाउने गरिन्छ । कागलाई मृत्युको सन्देश मानिन्छ । कागले घर वरपर आएर कराएमा कुनै सन्देश आएको मान्यता पनि छ । तिहारको दोस्रो दिन मानिसहरूको सबैभन्दा बफादार मित्र कुकूरको पूजा हुन्छ । कुकूरले जोखिम पर्ने वा मृत्यु आउन सक्ने सम्भावनाहरू पहिले नै थाहा पाउंछ । तेस्रो दिन नरक चतुर्दशी पर्छ । कथा अनुसार भगवान श्रीकृष्णले नरकासुर दैत्यको हत्या गरे र सोह्र हजार बन्दी महिलाहरूलाई मुक्त गरे । त्यसैदिनदेखि दिदीबहिनीहरूले दाजुभाई माथि लाग्ने शत्रुहरूको नास होस् भनी बिहान सबेरै खोला, धारापधेंरामा नुहाई तेलका बत्ती बाली नरकासुरलाई बहेको पानीमा बहायर तिलको दाउरामा आगो तापी शुद्धीकरण गर्छन् । त्यसैदिन गाईहरूको पूजा गरिन्छ । गाईलाई हिन्दु धर्ममा आमाको रूप मान्ने गरिन्छ ।


देवी काफ्ले

गाईलाई धनकी देवी लक्ष्मीको रूपमा पनि हेर्छन् । त्यसैदिन सांझमा लक्ष्मी पूजा गरिन्छ । घरका कुनाकाप्चा,द्वार यत्रतत्र दियोमा बत्ती बालेर झिलिमिली पारिन्छ । रातीमा लक्ष्मीको आगमन हुनाले रातभर जाग्राम बस्न तास खेलेर रात बिताउने गर्छन् । यसैरात लक्ष्मीको जन्म भयको पनि पुराणमा उल्लेख छ भनिन्छ । यसै दिन देखि यमराजले पाइला राख्न नपाउन भनेर घरको मुख्य द्वारमा तेलका धारा बहाइन्छ । पिठोका पनि धार लाउने चलन छ ।

बेलुका भैलेनीहरू वलीराजाले दान माग्न पठाएका भन्दै मधुरवाणीमा भैलो खेल्छन् । लक्ष्मी पूजा नगर्दासम्म दान दिएको फल पाइन्न भन्ने चलन पनि छ । यसपछीका दिनहरूमा त भैलो द्यौसीले गाउँ कति रमाइलो कति उज्यालो आहा ।

तिहारको चौथो दिन गाइको गोबरको पर्वत बनाएर पूजा गर्ने चलन छ । जब भगवान कृष्णले आफ्ना बृन्दावनमा घनघोर पानीले डुब्न लागेका बासिन्दाहरूलाई बचाउन गोबर्धन पर्वत उठाएर संरक्षण गरेका थिए । उक्त गोबर्धन पर्वतको सम्मानमा बर्सेनि यमपन्चकमा हामी पनि गोबर्धन पर्वतको पूजा गर्छौं । यसैदिन नेवार जातीहरूमा म्हः पूजा गर्ने चलन छ । यो आफैमा विशेष संस्कृतिमय छ ।

यमपन्चकको पाँचौ दिन भाईटिका पर्दछ । दिदीबहिनीले शुभलग्न वा साइतमा दाजुभाईलाई टीका लगाउने चलन छ । टीका लगाउनु अगाडि शत्रु नाश होउन् भनी ओखर फोरिन्छ दैलामा । दाजुभाईलाइ मनपर्ने खानेकुरा,राम्रा लुगा वा टोपी दिन्छिन् दिदीबहिनीले र दाजुभाईले सकेको दक्षिणा दिन्छ । यसरी तिहार समापन हुन्छ ।

आफ्नै मौलिकतामा यति सुन्दर चाडलाई आजकल भ्रष्ट बनाउने चेष्टा गरेको देखिन्छ, जुन खेद जनक छ । कम्मरमा मादल झुण्ड्याएर मारूनी र मादलेको नाच, वली राजा अनि यमराज र यमुनाका कथा भट्याउंदै भैलीनी माग्ने परम्परालाई आजकल साउण्डबक्सका ढ्यांग्रा बोकेर मुन्नी बदनाम हुईमा कम्मर मर्काउने र ताली ठोक्नेहरूले बिकृत बनाईदिएका छन् । यस्तो बिकृतिको अन्त हुनुपर्छ । संस्कृतिको विशेषता छुट्टै छ, विकृति संस्कार रोक्ने दायित्व सबैको हो ।

तिहारको द्यौसी भैलो पिकनिक जान,भोजभतेर गर्न मागी खाने भाँडो बनेको छ । यदाकदा ठाउँहरूमा यसरी उठाएका पैसा बिकासका काममा लगाएका पनि छन् । द्यौसीको बहानामा एकादशीसम्म ढ्यांग्रो बोकेर हिड्नेले हाम्रो संस्कृतिमाथि धावा बोलेका छन् । द्यौसी भैलोका मधुर अनि संस्कारी आवजको ठाउँ बिष्फोटक पटाखाले कानको जाली उडाउने गरि ओगटेको छ । दाजुभाईका गलामा लगाउने मखमली र सयपत्री आजकल बजारका सटरहरूमा राखिएका झिलिमिली प्लाष्टिकका मालाले लिएका छन् । पर्व हाम्रा संस्कृतिक धरोहर हुन् यिनलाई मौलिकतामा नै मनाऔं । सम्पूर्ण दाजुभाई दिदीबहिनीमा तिहारको मंगलमय शुभकामना ।

# संविधानमाथि प्रश्नैप्रश्न ?

(सामाजिक सञ्जालभरि व्यापक प्रचार प्रसार भइरहेका संविधानमाथिका प्रश्नैप्रश्न नजरअन्दाज गर्न सकिने खालका छैनन् । किनकि संविधानलाई नेतृत्व बर्गले स्वार्थका लागि दुरूपयोग गर्दा संविधान कागजको खोस्टो बनेको हो । यसकारण यी प्रश्नमा सबैले गम्भीर रूपमा विश्लेषण गर्न जरूरी छ ।)

- आफ्नो मौलिक हक अधिकार प्राप्त गर्न पनि आन्दोलन गर्नु पर्ने तन्त्र कसरी लोकतन्त्र हुन्छ ? सबैको अधिकार सुनिश्चित गर ।
- सातवटा प्रदेश बिभाजनको बैज्ञानिकता पुष्टि गर । कोशी र मधेस प्रदेशले काठमाडौसँग सम्बन्ध छोडे के हुन्छ ? स्वायत्तताको घोषणा गरे के हुन्छ ? यस्ता स्वायत्तताको माँग अन्य क्षेत्रमा पनि बढ्दै गएको छ ।
- पालिकाको संबैधानिक अधिकार केन्द्रले किन खोस्दै छ ?
- नेपाली धर्म संस्कृति र संस्कारको सुरक्षाको आधार के हो ?
- जातिय तथा धार्मिक युद्ध किन ?
- दलित जनजाति बनाउने हो कि मेटाउने हो ?
- ८८४ सभासद २०० लगभग मन्त्री आवश्यक हो ?
- विश्वको पहिलो सभ्यता, नेपाली वैदिक सनातन धर्म, किन र कस्को लागि हटाइयो ? हटाउनुको कारण पुष्टि गर्नैपर्छ ।
- दैनिक २ हजार युवा बाहिर जान किन बाध्य पारिए ?
- खोइ सुशासन ? खोइ जागिर ? खोइ उत्पादन ?
- ३३ बर्ष देखि (३० बर्ष पन्चायत भन्दा धेरै) यिनै शेर बहादुर समुदाय सत्तामा छन् । किन भेदभाव छुवाछूत हटेन ?
- कुन कुन जातिका कस्कस्ले स्वतन्त्रता पाए ?
- प्रति ब्यक्ति ऋण कति थियो कति पुग्यो ?
- राष्ट्रिय पुँजी खोई ?
- भ्रष्टाचारको सूचकमा नेपाल कुन स्तरमा छ ?
- गरीवीको स्तर अरू गरीब मुलुकको तुलनामा आज नेपाल कहाँ छ ?

अझै यो ब्यवस्था राम्रो भन्दिनु पर्ने ?

**सामाजिक र धार्मिक सद्भाव कायम राखौं**

- **सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं ।**
- **धार्मिक आस्था, संस्कृति र विश्वासमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं ।**
- **सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं ।**
- **सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पर्ने गलत कार्य नगरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

